# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामान्यतया जन्म पश्चातका केही वर्षको उमेर समूह केटाकेटी अवस्था हो भन्ने बुझिन्छ । यो अवस्थामा नानीहरू अपरिपक्व र कलिला हुन्छन् जसले गर्दा उनीहरूलाई हेरचाह र संरक्षणको पूर्ण आवश्यकता पर्छ । यस अवस्थामा मस्तिष्कको पूर्ण विकास भै नसकेको हुनाले यिनीहरूको क्रियाकलापलाई वालापन वा केटाकेटीपन भनिन्छ । बालकको जन्मसँगै उसले नयाँ वातावरण प्राप्त गर्दछ जसले गर्दा ऊ त्यो नयाँ वातावरणमा समायोजन हुन संघर्षरत रहन्छ । बालक जन्मदै केही पनि सिकेर आएको हुँदैन तर विस्तारै वातावरणमा घुलमिल हुँदै केही सिक्दै जान्छ र यो क्रम हरेक वालबालिकामा निरन्तर चलि रहने प्रक्रिया हो । मानव विकासको क्रमलाई हेर्दा मानिसका दुईवटा अवस्था पाइन्छन् । एउटा जन्म पूर्वको अवस्था हो भने अर्को जन्म पश्चातको अवस्था । जन्म पूर्वको अवस्थालाई डिम्वासय, भ्रूण र फेट्स गरी तीन चरणमा विभाजन गरिएको छ भने जन्म पश्चात्को अवस्थालाई नवजात शिशु अवस्था, शैशवावस्था, पूर्ववाल्यवस्था, उत्तरवाल्यवस्था, यौवनावस्था, किशोरावस्था, वयस्कावस्था, मध्यावस्था र वृद्धावस्था गरी ९ चरण पार गर्नुपर्ने तथ्य मनोवैज्ञानिकहरूले अघि सारेका छन् (रेग्मी र साथीहरू,२०६३) ।

अनौपचारिक रूपमा सिक्ने क्रममा मानिसले आफ्नो घरपरिवारमा छोराले बाबुबाट, छोरीले आमाबाट साथै दाजुभाइ, दिदीबहिनी, इष्टमित्र, साथीसंगी, तथा छिमेकीबाट सिक्दै जाने गर्दछ, यसरी सिक्ने वा ज्ञान प्राप्त गर्ने भन्नु नै शिक्षा हो । विगतमा शिक्षा लिने क्रम सीमित थियो भने विस्तारै शिक्षा सामूहिक रूपमा मठ,मन्दिर तथा धार्मिक संस्थाहरूमा दिने प्रचलनको सुरूवात भयो । समयको गतिसँगै शिक्षालाई पनि विकसित गरिदै लगियो । जसले गर्दा आज हरेक देशमा देशको काल, परिस्थिति, भूगोल, जनसंख्या उमेर सुहाउँदा औपचारिक शिक्षा सुनिश्चित गरिएको पाइन्छ । घरबाट सुरू भएको शिक्षा आज औपचारिक रूपमा विद्यालय, कलेज हुँदै विश्वविद्यालयसम्म विस्तार भएको छ । यसले पनि सबै मानिसको शिक्षा प्राप्त गर्ने अधिकार पूरा हुन नसकेकोले अनौपचारिक शिक्षालाई पनि केही वर्ष यता विशेष जोड दिएको छ । खुला विश्वविद्यालयको अवधारणा पनि विकसित हुँदै गएको छ । त्यस्तै गरी सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन विद्यालय स्तरमा पूर्व प्राथमिक विद्यालयको स्थापनाका साथै प्रारम्भिक वाल विकास कार्यक्रमहरू लागू गरी वालवालिकाहरूलाई विद्यालयीय वातावरणमा घुलमिल गराउन तथा सबै वालबालिकाहरूलाई विद्यालयको पहुँच पुऱ्याउन विद्यालयमा पूर्व प्राथमिक कक्षा सञ्चालन गरिदै आएको छ (शर्मा र शर्मा, २०६३) ।

हाम्रो समाजमा अपाङ्गता भएकाहरूको अवस्था दयनीय रहेको छ । समाज, परिवार र विद्यालयमा समेत अपाङ्गता भएकाहरूलाई उपेक्षा, हेला, हिंसा गरिएको पाइन्छ । मानवले जन्मपश्चात वालक देखि वृद्धा अवस्थासम्म पाउनु पर्ने सबै अधिकारहरू मानव अधिकार भित्र पर्दछन् । मानवले मानवप्रति कुनै हिंसा, हेला, भेदभाव नगरी, आपसमा सदभाव, सहयोग, माया, दया र भलाई हुने क्रियाकलापहरू गरी बाँच्नु र बचाउनु पर्ने, मानवतावादि सिद्धान्तको अवधारणा रहेको छ (काफ्ले,२०६८) ।

नेपालमा दृष्टिविहीनहरूको शिक्षाको इतिहास हेर्दा वि.स. २०१८ मा रोटरी क्लबद्वारा दृष्टिविहीन कुमारलाई दृष्टिविहीनहरूको एक महिने तालिममा सहभागी हुन अमेरिका पठाएको पाईन्छ । त्यसपछि वि.स. २०२० मा इजाबेल ग्रान्ट नामक दृष्टिविहीन अमेरीकी महिला नेपाल आउँदा यहाँ दृष्टिविहीनहरूका लागि एकीकृत शिक्षा कार्यक्रमको शुरूवात गरिन् । जसको फलस्वरूप वि.स. २०२१ मा ल्याबोरेटरी स्कूल, किर्तिपुरमा दृष्टिविहीनहरूलाई अन्य सामान्य विद्यार्थीहरूसँग राखेर शिक्षा दिइयो (आचार्य, २०६८) ।

अन्तराष्ट्रिय स्तरमा हेर्ने हो भने थुप्रै दृष्टिविहीनहरूले अर्न्तराष्ट्रिय ख्याति प्राप्त गरेका छन् । २७ जुन, १८८० मा अमेरिकामा जन्मनु भएकी हेलेन एडम्स केलर जन्मजात दृष्टिविहीन थिइनन् । १९ महिनाको उमेरमा बिरामी भएपछि उनले दृष्यशक्ति र श्रवण शक्ति दुबै गुमाइन् । तर पछि गएर उनि एक प्रसिद्ध लेखिका, समाजसेवी, प्राध्यापक तथा असल वक्ता बनिन् । स्नातक गर्ने पहिलो दृष्टिविहीन तथा श्रवणविहीन हेलन केलरलाई आज पनि अपाङ्ग तथा असक्तहरूको पक्षमा वकालत गर्ने उदाहरणीय व्यक्तित्वको रूपमा चिनिन्छ । त्यसै गरी ब्रेल लिपिको आविस्कार गरी सम्पूर्ण दृष्टिविहीनहरूलाई शिक्षित बनाउन महत्वपूर्ण भूमिका खेल्ने फ्रन्सका दृष्टिविहीन लुइस ब्रेल, अमेरिकी गायक, गीतकार तथा वाद्यवादक स्टाइभ वन्डर, संयुक्त राज्य अमेरिकाका ३२ औं राष्ट्रपति फ्राङ्कलिन डेलानो रूजवेल्ट, कमेडियन तथा कार्टुनिष्ट जेम्स थर्वर, भारतीय कवि तथा संगीतज्ञ सूरदास तथा नेपाली कवयत्री एवम् लेखिका झमक कुमारी घिमिरे आदि विश्व प्रसिद्ध दृष्टिविहीन तथा अपाङ्गता भएका व्यक्तिहरू हुन् । त्यसैगरी इटालीका महान खगोलशास्त्री, गणितज्ञ, भौतिकशास्त्री तथा दार्शनिक ग्यालिलियो ग्यालिलि तथा महान कवि जोन मिल्टन पनि जीवनको उत्तरार्द्धमा दृष्टि गुमाएका दृष्टिविहीनहरू नै थिए (अधिकारी,२०६४) ।

दृष्टि सम्बन्धी समस्याका कारणबाट व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार रूप र रंगको ज्ञान नहुने स्थिति दृष्टि सम्बन्धी अपाङ्गता हो । दृष्टिविहीनता र न्यून दृष्टियुक्त गरी यो २ प्रकारको हुन्छ । कुनै व्यक्ति औषधि, शल्य चिकित्सा तथा चस्मा प्रयोग जस्ता उपचारबाट पनि दुबै

आँखाले हातको औंला १० फिटको दूरीबाट छुट्याउन सक्दैन अर्थात् स्नेलेन चार्टको पहिलो लाइनको अक्षर (३/६०) पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई दृष्टिविहीन मानिन्छ। त्यस्तै कुनै व्यक्तिको औषधि, शल्यचिकित्सा तथा चस्मा प्रयोग जस्ता उपचारबाट पनि २० फिटको दूरीबाट हातका औंला छुट्याउन सक्दैन अर्थात् स्नेलेन चार्टको चौथो लाइनको अक्षर (३/१८) पढ्न सक्दैन भने त्यस्तो व्यक्तिलाई न्युन दृष्टियुक्त मानिन्छ (खवास, २०६९)।

नेपालमा दृष्टिविहीनताको प्रत्यक्ष असर सामाजिक तथा आर्थिक विकासमा परेको देखिन्छ। दृष्टिविहीनता एक चिकित्सा प्रणाली सम्बन्धी मुद्दा भन्दा पनि बढि आर्थिक मुद्दाको रूपमा देखिएको छ। पहाडै पहाडले भरिएको हाम्रो देशको ग्रामीण भेगका दृष्टिविहीनहरूले अप्ठ्यारा बाटाहरू, खोला खोल्सीहरू, डाँडा काँडाहरू हिड्नु पर्ने हुन्छ जसका लागि उनीहरूलाई अरूको सहयोग लिनु पर्दछ। एकातिर घरको आर्थिक उन्नतिमा योगदान गर्न नसक्ने, खेतीजन्य कार्यमा सहयोग गर्न नसक्ने र अर्कोतिर उनीहरूलाई विशेष सहयोगको आवश्यकता पर्ने हुनाले परिवारको आर्थिक अवस्था कमजोर हुन पुग्दछ। यस कारणले गर्दा उनीहरू घर परिवारका सदस्यहरूबाटै तिरस्कृत र अपहेलित हुने तथा समाजमा दयाको पात्र बन्ने क्रम शुरू हुन्छ (लिम्बू, २०६७)।

ब्रेल लिपिलाई फ्रान्सका एकजना दृष्टिविहीन लुइस ब्रेलले सन् १८२९ मा प्रतिपादन गरेका थिए। उनले तीन वर्षको उमेरमा भएको दुर्घटनामा आफ्नो दृष्टि गुमाएका थिए। पछि गएर उनले छामेर पढ्न सकिने ब्रेल लिपिको आविष्कार गरे। आजको वर्तमान अवस्थामा दृष्टिविहीनहरूका लागि ब्रेल लिपि वरदान सावित भएको छ (खवास, २०६९)। ब्रेल लिपिमा लेख्नका लागि स्टाईलस र स्लेटको प्रयोग गरिन्छ। स्लेट भित्र बाक्लो कागज राखेर स्टाईलसले त्यसमाथि खोपेर ब्रेल लिपिका अक्षरहरूलाई लेखिन्छ र अर्को पट्टी उठेका भागहरूलाई दुवै हातको सहायताले छामेर ती अक्षरहरू पढिन्छ। दृष्टिविहीनहरूको शिक्षाका लागि एकीकृत शिक्षा सबैभन्दा उत्तम शिक्षा प्रणालीको रूपमा स्वीकार गरिएको छ। त्यसैले गर्दा दृष्टिविहीनहरूलाई अन्य सामान्य बालबालिकाहरूसँग एउटै कक्षामा राखेर अध्ययन गराइन्छ। यसरी एकीकृत गरिनाले शिक्षामा समान अवसर र शिक्षण अनुभवको समानतालाई प्राथमिकता दिइएको महसुस गरिएको छ। उपयुक्त सामग्री र विधिको प्रयोग उचित समयमा भएको खण्डमा दृष्टिविहीनहरूले पनि ८० प्रतिशत भन्दा बढी नियमित कक्षाका पाठहरू सजिलै बुझ्न सक्तछन्। यसका लागि स्रोत शिक्षकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ। अन्य विषय भन्दा फरक र ठोस धारणा दिने विषय भएको र यसमा विभिन्न चित्रात्मक प्रस्तुतिहरू, विभिन्न सङ्केतहरू र प्रयोगात्मक कुराहरू भएकाले यसलाई अध्ययन गर्न र बुझ्न सामान्य बालबालिकाहरूलाई समेत कठिन हुन्छ भने दृष्टिविहीन

बालबालिकाहरूलाई त झन यो विषय अध्ययन गराउनु चुनौतीपूर्ण र कठिन कार्य हो । यसका लागि ब्रेल लिपिमा नमुना समस्याहरू र चित्रात्मक उदाहरणहरू भएको निर्देशनात्मक पुस्तकहरू उपलब्ध गराउन सकिएको खण्डमा दृष्टिविहीन  बालबालिकालाई परीक्षाको समयमा विशेष पुनरावलोकनमा सहयोग पुग्ने छ (मनी, १९९७) ।

संयुक्त राष्ट्र संघले शारीरिक, मानसिक तथा मस्तिष्कजन्य कमजोरीका कारण विश्वमा ५० करोड अपाङ्गता भएका व्यक्तिहरू रहेको अनुमान गरेको छ । जसमा ३८ करोड ६० लाख अपाङ्गता भएका व्यक्तिहरू काम गर्ने उमेरका रहेका छन् । विश्व स्वास्थ्य संगठनका अनुसार विकासोन्मुख मूलुकहरूमा करिब १० प्रतिशत अपाङ्गता भएका व्यक्तिहरू छन् । सि.वि.आर. अवधारणा कर्ता हेलेण्डरका अनुसार यो दर ५.५ प्रतिशत रहेको छ । विभिन्न संघ संस्थाहरूको सर्वेक्षण प्रतिवेदन अनुसार अपाङ्गता दरको फैलावट ०.२% देखि २०.९३% सम्म देखिएको छ । यसबाट के प्रष्ट हुन्छ भने उपरोक्त तथ्याङ्कले अपाङ्गता बारे जानकारी संकलन गर्नमा विद्यमान कठिनाईको प्रतिनिधित्व गर्दछ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

सन १९७१ को राष्ट्रिय जनगणना अनुसार कुल जनसंख्याको १.५% , सन् १९८० को नमूना सर्वेक्षणले कुल जनसंख्याको ३.३%, सन १९८१ मा सेवा फाउण्डेशन, विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले गरेको राष्ट्रिय अन्धोपन नमूना सर्वेक्षण अननुसार ०.८४% दृष्टिविहीन  र १.८५% न्यून दृष्टिविहीन  रहेको देखाइएको छ । यसरी नै सन् २००१ मा राष्ट्रिय योजना आयोग र युनिसेफले गरेको नमूना सर्वेक्षणमा जम्मा जनसंख्याको १.६३% अपांगता भएका व्यक्तिहरू रहेको जनाएका छन् । राष्ट्रिय जनगणना २०६८ का अनुसार नेपालको कुल जनसंख्याको १.९४ प्रतिशत अपांगता भएका मानिसको संख्या रहेको छ । जसमा कुल अपांगता भएका व्यक्तिहरू मध्ये ५४.५६ प्रतिशत पुरूष र ४५.४४ प्रतिशत महिला रहेको तथ्यांक छ । यस मध्येमा पनि दृष्टि सम्बन्धी अपांगता हुनेहरूको संख्या मध्ये ४७०४१ (०.३७ प्रतिशत) पुरूष र ४७७२४ (०.३५ प्रतिशत) महिला रहेको पुष्टि हुन्छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८) ।

दशौं योजना (२०५९-२०६४) मा तर्जुमा गरिएका अपाङ्गता सम्बन्धी विशेष कार्यक्रमहरू :

- अपाङ्ग सम्बन्धी ऐन, कानुन संशोधन गर्ने
- निशुल्क शिक्षा, तालिम, स्वास्थ्य सेवाको साथै रोजगारीको अवसर तथा अन्य सुविधाहरूको व्यवस्था गर्ने

- अपाङ्गता भएकाहरूलाई समान अवसर प्रदान गर्दै पहुँचको विस्तार गर्ने र उनीहरूलाई विभिन्न सुविधाहरूको क्षेत्रमा छुट तथा सहुलियत प्रदान गर्ने ।
- अपाङ्गता भएकाहरूको लागि तय गरिने नीति तथा कार्यक्रम अनुगमन मूल्याङ्कन, समन्वय र सञ्जाल विकास प्रक्रियामा उनीहको सहभागिता बढाउने,
- अपाङ्गपन निरोधात्मक, उपचारत्मक र जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।
- अपाङ्गहरूको तथ्याङ्क अध्यावधिक गरी सूचना समन्वय प्रणालीलाई व्यवस्थित गर्ने र अपाङ्गपन परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिने,
- अपाङ्गताको क्षेत्रमा कार्य गर्ने संस्थाको सुदृढीकरण र आवश्यक जनशक्ति विकास गर्ने (काफ्ले, २०६८) ।

उक्त प्रयासहरूलाई अध्ययन गर्दा विशेष आवश्यकता भएका अर्थात अपाङ्गता भएका व्यक्ति तथा वालबालिकाहरूका लागि आवश्यक विशेष शिक्षा लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सरकारी तथा गैर सरकारी नियकायहरूबाट प्रसस्तै नीति तथा कार्यक्रमहरू निर्माण गरी कार्यान्वयनका लागि पहलकदम भएको देखिन्छ । तथापी उनीहरूको वर्तमान जल्दो बल्दो आवश्यकताहरू पूर्णरूपमा पूरा गर्न नसकिएको अवस्था र चुनौतिहरूको समाधान गर्न धेरै विवेक पूर्ण विधि विधान, वित्त  व्यवहार र विचारको लगानी गर्नु पर्ने देखिन्छ ।

पहिले पहिले कक्षाकोठा सम्बन्धि धारणालाई सङ्कुचित अर्थमा लिइने गरिन्थ्यो भने समयको विकासक्रमसँगै कक्षाकोठा व्यवस्थापनको सोच तथा धारणामा परिवर्तन आएको छ । समयको विकासक्रमसँगै सिकाइको अवधारणा र व्यवहारमा परिवर्तनकालागि विद्यार्थीहरूको ईच्छा, चाहना तथा आवश्यकताहरूलाई ख्याल गर्दै  विद्यार्थी केन्द्रित विधिवाट शिक्षण गर्नु पर्छ भन्ने अवधारणा विकास हुँदै आयो । जसअनुसार वर्तमान समयमा विद्यार्थी केन्द्रित शिक्षण विधिलाई अवलम्वन गर्दै शिक्षण गर्न थालिएको छ । शिक्षण सिकाइ प्रक्रियालाई सहज रूपमा सम्पन्न गर्नको लागि कक्षाकोठाको महत्वपूर्ण भूमिका रहन्छ । कक्षाकोठामा नै सिक्ने र सिकाउने काम भइरहन्छ । यसकालागि कक्षाकोठाको वातावरण समेत अनुकूल हुनपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सहज रूपमा सञ्चालन गर्नका लागि कक्षाकोठामा विद्यार्थीका लागि बसाइ लगायत सम्पूर्ण कुराहरूको उचित व्यवस्थापन हुनुपर्दछ । यस्ता कुराहरूको सिकाइमा महत्वपूर्ण भूमिका रहन्छ । कुनै पनि कक्षाकोठाको शैक्षिक उपलब्धि मापन गर्नका लागि कक्षाकोठा व्यवस्थापनको अवस्थालाई अवलोकन गर्नुपर्छ । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भइरहेको अवस्थामा कक्षाकोठाको अवस्था राम्रो भएमा त्यस्तो अवस्थामा सिकाइ राम्रो हुन्छ । विद्यार्थीको बसाइ, उमेर अनुसारका डेक्सवेञ्च,

कक्षाकोठाको सजावट आदि पक्षहरूको उचित व्यवस्थापन भएमा शिक्षकले शिक्षण गर्दा निश्चित समयमा अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सक्छ । त्यसैले विद्यालय प्रशासनले कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिनु जरूरी छ । यदि उक्त पक्षहरूको सही व्यवस्थापन नभएमा त्यसबाट अपेक्षित उपलब्धि हासिल गर्न सकिदैन । नेपालको सन्दर्भमा कक्षाकोठा व्यवस्थापनको अवस्थालाई अध्ययन गर्ने हो भने शिक्षण सिकाइ सम्बन्धिका सम्पूर्ण क्रियाकलापहरू कक्षाकोठामा नै हुने गर्दछन् । यस कारणले गर्दा सिकाइलाई प्रभावकारी रूपमा अगाडि बढाएर लैजानका लागि कक्षाकोठासँग सम्बन्धित सबै पक्षलाई ध्यान दिनु पर्दछ (ज्ञान विज्ञान शैक्षिक सहकारी, २०६७) ।

शैक्षिक उपलब्धि मापन गर्नका लागि कक्षाकोठाको व्यवस्थापनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकाले गर्दा कक्षाकोठाका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूको व्यवस्थापन गर्न सकेमा मात्र शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन सकिन्छ र पाठ्यक्रमका निर्देशित लक्ष्य प्राप्त गर्न सकिन्छ । परम्परागत मान्यता अनुसार कक्षाकोठा व्यवस्थापन भन्नाले विद्यार्थीको नियन्त्रण र कडा अनुशासन कायम गर्ने कुरालाई संकेत गरेको पाइन्छ । विद्यार्थी कक्षाकोठामा शान्त र चुपचाप बसेर शिक्षकले भनेका कुरा सुन्ने खालको मान्यता परम्परागत कक्षाकोठा व्यवस्थापनले सिकाइ उपलब्धी हासिल गर्ने माध्यमका रूपमा लिइन्छ । विषयवस्तु र त्यस सम्बन्धि धारणा विद्यार्थीमा अर्थपूर्ण ढंगले पुऱ्याउनका लागि कक्षाकोठालाई व्यवस्थित गर्नु हो । शिक्षण सिकाइका लागि विद्यार्थीका क्रियाकलाप व्यवस्थित गर्ने र कक्षाकोठालाई शिक्षण सिकाइका लागि अनुकूल भौतिक प्रवन्ध गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठा व्यवस्थापनको दर्शनशास्त्रीय पृष्ठभूमिलाई केलाएर हेर्दा कक्षाकोठा सिकाइका लागि प्रमुख स्थान भएको मानिन्छ । शिक्षण सिकाइलाई सहज रूपमा सम्पन्न गर्नका लागि कक्षाकोठालाई नै मान्दै आएको छ । कक्षाकोठाको व्यवस्थापन राम्ररी हुन सकेमा मात्र सिकाइ क्रियाकलाप राम्ररी सञ्चालन हुने कुरा विभिन्न दर्शनहरूले उल्लेख गरेको पाइन्छ । कक्षाकोठा व्यवस्थापन भन्ने वित्तिकै शिक्षकलाई सिकाउन र विद्यार्थीलाई सिक्नका लागि उपयुक्त स्थान रहनु पर्दछ भन्ने मान्यताका आधारमा कक्षाकोठा व्यवस्थापनको दार्शनिक आधार पाईन्छ । कक्षाकोठा व्यवस्थापनको वातावरण राम्रो भएमा मात्र त्यस्तो अवस्थामा शिक्षण सिकाइ प्रक्रिया सहज एवं प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ ( शर्मा र शर्मा, २०६७) ।

कक्षाकोठाको ऐतिहासिक पृष्ठभूमिलाई केलाएर हेर्ने हो भने शिक्षकले आफू अनुकूल विद्यार्थीलाई एक ठाउँमा राखेर अध्यापन गराउने गरिन्थ्यो । पहिलेका कक्षाकोठाहरू अवैज्ञानिक तथा असाधारण खालका हुन्थे जसमा सिक्न सिकाउनका लागि अप्ठेरो स्थिति भएता पनि त्यस्तो

अवस्थामा कुनै ठोस निकास नभएको अवस्था थियो । कुनै पनि संस्थालाई सही रूपमा सञ्चालन गर्नका लागि त्यसको व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । विद्यालय पनि सामाजिक संस्था भएकाले गर्दा विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न व्यवस्थापन पक्षको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक व्यवस्थापनको उद्देश्य प्राप्तिका लागि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने स्थान कक्षाकोठा नै हो । कक्षाको व्यवस्थापन राम्रो हुन सकेमा मात्र शिक्षाले अपेक्षा गरेका उद्देश्य हासिल गर्न सहयोग पुग्दछ । शिक्षण सिकाइ क्रियाकलाप कक्षाकोठामा गरिने भएकाले गर्दा कक्षाकोठाको व्यवस्थित व्यवस्थापनले शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बन्दछ । शिक्षाका उद्देश्य लगानी आदि राम्रो भएर पनि सही र प्रभावकारी ढंगबाट कक्षा व्यवस्थापनमा ध्यान दिन सकिएन भने उद्देश्य प्राप्ति हुदैन । शिक्षण योजना जति राम्रो भए पनि कक्षा व्यवस्थापन राम्रो नभएमा सिकाइ प्रभावकारी बन्दैन । कक्षा व्यवस्थापन राम्रो भएमा मात्र शिक्षण सिकाइ प्रभावकारी बन्ने भएकाले गर्दा शिक्षकले शिक्षण गर्नु अघि कक्षा व्यवस्थापनमा जोड दिनुपर्दछ । शिक्षण सिकाइको कार्यथलो भनेको कक्षाकोठा हो । जवसम्म कक्षाकोठालाई विद्यार्थीका लागि उपयुक्त बनाउन सकिदैन तवसम्म अर्थपूर्ण सिकाइ हुदैन । सिक्नका लागि उपयुक्त वातावरणको आवश्यकता पर्दछ । कक्षाकोठा भित्र सिक्नका लागि उपयुक्त वातावरण सिर्जना गर्ने कार्य नै सही अर्थमा कक्षाकोठा व्यवस्थापन हो (अधिकारी, २०६९) ।

त्यस्तै कक्षाकोठा व्यवस्थापन पनि शिक्षण सिकाइको उद्देश्य प्राप्तिका लागि अति महत्वपूर्ण प्रक्रिया हो । यस भित्र योजना, संगठन, नियन्त्रण, समन्वय, प्रभावकारी सञ्चार आदि कुरा पर्दछन् । पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य कक्षाकोठा भित्र गरिने शिक्षक विद्यार्थी क्रियाकलापका माध्यमबाट प्राप्त गर्न कक्षाकोठा व्यवस्थापनले महत्वपूर्ण भूमिका खेल्दछ । कक्षाकोठा व्यवस्थापन राम्रो नभएको खण्डमा सिकाइ अर्थपूर्ण हुदैंन । सिकाइ अर्थपूर्ण नभएमा शिक्षक र विद्यार्थी दुवैको प्रयास ब्यर्थ हुन्छ । यसरी प्रयास खेरजानु भनेको त्यस कक्षाकोठामा शिक्षक र विद्यार्थीले प्रयोग गरेको लगानी खेरजानु हो । विद्यार्थी र शिक्षकले प्रयोग गरेको लगानी खेरजानु भनेको अभिभावक र सरकारको लगानी पनि खेरजानु हो । तसर्थ शिक्षक विद्यार्थी अभिभावक र सरकारको लगानी खेरजान नदिने काममा उपयुक्त कक्षा व्यवस्थापनले सघाउँछ । त्यस्तै कक्षाकोठा व्यवस्थापन राम्रो भएमा शिक्षक विद्यार्थी बिचको सम्बन्ध दरिलो हुनपुग्छ । यसबाट कक्षामा सहयोगात्मक वातावरण सृजना भई प्रभावकारी सिकाइमा सहयोग पुग्दछ । त्यसैले कक्षाकोठा व्यवस्थापनलाई व्यवहारिक, सिकाइ अनुकूल र वैज्ञानिक बनाउन शिक्षकले धेरै मेहनत गर्न आवश्यक हुन्छ । यस्तो कार्य शिक्षकले एक्लैको प्रयासले मात्र गर्न कठिन हुन्छ । उपयुक्त कक्षाकोठा व्यवस्थापनमा सहयोग

पुऱ्याउने कार्य प्र.अ., विद्यालय व्यवस्थापन समिति र विद्यालय निरिक्षकको समेत हुनुपर्छ तर कक्षाकोठालाई विषयवस्तु अनुसार सिकाइ अनुकुल बनाउने, विद्यार्थीलाई सिक्न तत्पर बनाउने, पाठयोजनाका उद्देश्य प्राप्तिका लागि कक्षाकोठा अनुकूल बनाउने कार्यमा भने शिक्षककै भूमिका महत्वपूर्ण रहन्छ । जे होस् शिक्षण सिकाइ कार्यलाई प्रभावकारी, जिवन्त, उद्देश्यमूलक, सार्थक र व्यवहारिक बनाउन कक्षाकोठा व्यवस्थापनको अति महत्वपूर्ण भूमिका रहन्छ (ऐ.) ।

विशेष शिक्षाले विशेष किसिमको शिक्षाको आवश्यकता पर्ने वालवालिकाहरूलाई शिक्षा दिनका लागि उनीहरूको शैक्षिक आवश्यकताहरू सहज रूपमा पूरा गर्न तयार गरिएका सबै प्रकारका शिक्षा तथा तालिम आदिलाई सङ्केत गर्दछ । अर्थात अपाङ्ग वालबालिकाहरूलाई विशेष किसिमले ध्यान पुऱ्याई दिईने शिक्षालाई नै विशेष शिक्षा भनी बुझ्नु पर्दछ । खास गरी दृष्टिविहीन तथा दृष्टि क्षमता कमी भएका, बहिरा तथा श्रवण शक्ति कम भएका, सुस्त मनस्थिति र शारीरिक रूपमा अपाङ्गता भएकाहरूका लागि नेपालमा विशेष शिक्षा २०५९ कार्यान्वयन गरी सुलव शिक्षा दिने उद्देश्य राखिएको छ । शिक्षा ऐन २०२८ मा विशेष शिक्षा भन्नाले अन्धा, बहिरा, लाटा वा शारीरिक अपाङ्ग वा सुस्त मनस्थिति भएका वालबालिकाहरूलाई दिइने शिक्षालाई विशेष शिक्षा सम्झनु पर्दछ । यसरी तर्जुमा कार्यक्रम नै विशेष शिक्षा हो । विभिन्न किसिमका अपाङ्गता भएका वाल वालिकाहरूलाई अरू सवलाङ्ग वालबालिकाहरू सरह उनीहको अपाङ्गता अनुकुल शिक्षाको आवश्यकता पुरा गर्ने शिक्षालाई विशेष शिक्षा भनिन्छ । भनी उल्लेद विशेष शिक्षा कार्यक्रम अन्तर्ग हाल सम्म जागरण कार्यक्रम अपाङ्गता घरदैलो कार्यक्रम तथा अपाङ्गता सर्वेक्षण कार्यक्रम, शिक्षक तालिम संस्थागत सम्बन्ध कार्यक्रम, शैक्षिक सामग्री विकास र वितरण, विशेष खेलकुद र अतिरिक्त क्रियाकलाप सञ्चालन विभिन्न विद्यालयहरूमा आवसीय शैक्षिक सुविधा प्रदन, श्रोत कक्षाका लागि फर्निचर व्यवस्था, मसलन्द खर्च शारीरिक अपाङ्गता भएकाहरूलाई छात्रवृति वितरण, शैक्षिक भ्रमण कार्यक्रम, अपाङ्ग विद्याहरूबाट निर्मित सामग्रीहरू प्रदर्शनीको व्यवस्था आदि कार्यक्रमहरू सञ्चालनमा रहेका छन् (काफ्ले, २०६८) ।

विशेष शिक्षा दिनका लागि निम्न उल्लेखित विद्यालयहरूको व्यवस्था गरिएको छ :

अ) विशेष विद्यालय

आ) एकीकृत विद्यालय

इ) घुम्ती विद्यालय,

ई) सबैका लागि विद्यालय

अ) विशेष विद्यालय

अपाङ्गताको प्रकृति अनुसारका छुट्टाछुट्टै विद्यालयको व्यवस्था गरी खासै खास किसिमका अपाङ्गताहरूलाई मात्र शिक्षण गर्ने विद्यालय व्यवस्थालाई विशेष विद्यालय भनिन्छ ।

आ) एकीकृत विद्यालय

मध्यम सुस्त श्रवण, दृष्टिविहीन  अपाङ्गता भएकाहरूलाई सधारण विद्यालयमा राखी श्रोत कक्षा तथा आवश्यक सामग्रीहरूको व्यवस्था गरी विशेष शिक्षा सम्बन्धी तालिम प्राप्त शिक्षकद्धारा शिक्षण गर्ने व्यवस्था भएको विद्यालयलाई एकीकृत विद्यालय भनिन्छ ।

इ) घुम्ती विद्यालय

ओछ्यानबाट उढ्न नसक्ने, विद्यालयसम्म पुग्न तथा पुऱ्याउन ज्यादै समस्या हुने अपाङ्ग वालबालिकाहरूलाई हप्तामा एक/दुई पटक घरैमा गई पढाउने व्यवस्थालाई घुम्ती विद्यालय शिक्षण भनिन्छ ।

ई) सबैका लागि विद्यालय

सबैका लागि विद्यालय एउटा नयाँ अवधारणा हो । यस धारणाअनुसार नियमित सञ्चालनमा रहेका विद्यालयहरूमा विना भेदभाव सबै वालबालिकाहरूलाई शिक्षा हासिल गर्नका लागि आवहान गर्नु हो । अतः सबै बालबालिकाहरूलाई पायक पर्ने विद्यालयमा उपयुक्त शैक्षिक वातावरण सृजना गरी गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्ने कार्यक्रम नै सबैका लागि विद्यालय भन्नु बुझ्नु पर्दछ । यो कार्यक्रम विद्यालयका बालबालिका अभिभावक, व्यवस्थापन समिति, जिल्ला शिक्षा कार्यालय शिक्षक वर्ग, सामाजिक कार्यकर्ता, एवं संघसंस्था सबैको सकारात्मक सोचाई र सक्रिय सहभागितामा सामुहिक रूपमा सञ्चालन गरिन्छ । यो अवधारणा स्पेनको सालामाङ्कामा सन् १९९४ मा भएको विशेष शिक्षा सम्बन्धी विश्व सम्मेलनबाट आएको हो (काफ्ले, २०६८) ।

बाहिरी रूपमा दृष्टिविहीन  भएतापनि हरेक व्यक्तिमा आ–आफ्नै ढंगको कला, सीप, क्षमता र प्रतिभा निहित हुन्छ । एक ज्ञानेन्द्रिय निष्क्रिय भएतापनि त्यसको शक्ति अन्य ज्ञानेन्द्रियमा थपिन्छ भन्ने यथार्थ तथ्य सम्बन्धित व्यक्तिहरूको दैनिक व्यवहारबाट पुष्टि भैसकेको छ । दृष्टिविहीन ब्यक्तिहरू कोही गीत संगीतमा, कोही साहित्य सिर्जनामा, कोही व्यापार व्यवसायमा सक्षम छन् भने कतिपय शिक्षण पेशामा संलग्न रही शिक्षाको ज्योतिको सम्बाहक बनेका छन् । नेपालमा लुइज ब्रेल

भनेर चिनिनु हुने जंग बहादुर बोगटी जो तीसौं बर्ष अघि देखि ल्याबोरेटोरी स्कूलमा शिक्षण पेशामा संलग्न हुनुहुन्छ । त्यति मात्र होइन , थुप्रै विद्यालयमा धेरै दृष्टिविहीन  शिक्षकहरूले आफ्ना अनुभव र अनुभूति सफलता पूर्वक बाँडिरहेका छन् । कुमार थापा, गोविन्द आचार्य लगायतका दृष्टिविहीन शिक्षकहरू विभिन्न क्याम्पस तथा विद्यालयहरूकमा बिहान देखि बेलुका सम्म व्यस्त रहेका उदाहरणहरू हाम्रा सामु छर्लङ्ग छन् । ईश्वर अमात्य, कृष्णभक्त राई लगायत थुप्रै दृष्टिविहीनहरू विभिन्न संगीत केन्द्रहरूमा संगीत साधना गर्ने र सन्देशमूलक गीत गाएर सामाजिक चेतना अभिवृद्धि गर्ने काममा लागि परेका छन् । साहित्य सृजनामा लाग्नेहरूले समाज सुधारमा आफ्नो कलम प्रसस्त मात्रामा चलाइरहेका छन् । अझै दरिलो उदाहरणको रूपमा लिनु पर्दा नेपाल नेत्रहिन संघ भन्ने संस्था पूर्णरूपले दृष्टिविहीनहरूले हाँकिरहेका छन् । दृष्टि विहीन शिक्षकहरूलाई तालिम दिई कम्प्युटर चलाउने, फ्याक्स, इमेल आफैं गर्ने विभिन्न विदेशी संघ संस्था र व्यक्तिहरू संग आफै समन्वय गरी सहयोगको वातावरण निर्माण गर्ने, कार्यालयका सम्पूर्ण काम काजहरू सञ्चालन गर्न दक्ष बनाइएको छ जसले गर्दा दृष्टि विहीन शिक्षकहरू विभिन्न निति, योजना र कार्यक्रम तर्जुमा गरी दृष्टि विहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापन गर्न सफल भएका छन् (सत्याल, २०६१) ।

## १.२ समस्याको कथन

अपाङ्ग हुनु पुर्व जन्मको पाप नभई गर्भावस्था र जन्म पछि आमा र वच्चाको उचित हेर विचारमा कमी, कडा रोगको सङक्रमण, कडा औषधीको सेवन, दुर्घटना आदिले गर्दा हुने हो । नेपालमा अपाङ्गहरूलाई पूर्व जन्मको पापको फलको रूपमा लिने गलत धारणा व्याप्त छ । आफ्ना अपाङ्ग सन्तान र सदस्यहरूलाई परिवार, समाज र राष्ट्रले पहुँचको रूपमा लिई हेयको दृष्टिकोणले हेर्ने गरेको पाईन्छ । उनीहरू प्रतिको यहि गलत धारणाका कारण कतिपय अपाङ्गहरूले वाध्यतावस मृत्युलाई पर्खनु परेको छ भने कतिपयले सडकमा गई मागेर आफ्नो र परिवारका अन्य सदस्यहरूको समेत भरण पोषण गर्नुपर्ने वाध्यात्मक अवस्था समेत रहेको छ । दृष्टिविहीन  व्यक्तिहरू अन्य साधारण व्यक्ति सरह शारीरिक क्रियाकलापहरू सञ्चालन गर्न सक्षम हुँदैनन् ।

शारीरिक तथा मानसिक दुबै दृष्टिकोणले सक्षम व्यक्ति पनि शिक्षाको अभावमा आफूलाई सफल नागरिकको रूपमा स्थापित गर्न सक्दैनन् । यस्तो अवस्थामा समाजमा रहेका दृष्टिविहीन बालबालिकालाई सहज ढंगले जीवन यापन गर्न सक्ने बनाउन विशेष शिक्षाको आवश्यकता पर्दछ । समाजमा रहेका प्रत्येक बालबालिकाको ब्यक्तिगत आवश्यकताको पहिचान गरी उनीहरूलाई शिक्षाको मुलधारमा ल्याउनु आजको आवश्यकता हो । विशेष शिक्षा कार्यक्रम अर्न्तगत दृष्टिविहीन

हरूका लागि राष्ट्रिय स्तरमै पहिचान भएका सरकारी स्तरबाट विभिन्न कार्यक्रमहरू सञ्चालन भईरहेतापनि ती कार्यक्रमहरूले दृष्टिविहीनहरूलाई पूर्ण रूपमा समेट्न सकेको पाइदैन । दृष्टिविहीन हरूको कक्षा व्यवस्थापन भित्र उनीहरूका रूचि, भाव ,मनोविज्ञान र  अन्तरनिहित क्षमताको अध्ययन नगरी परम्परागत रूपमा शिक्षण गरिने हुनाले  यो विषय समस्याको रूपमा रहेको छ ।

## १.३ अध्ययनको औचित्य

हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक ,लोकतान्त्रिक धर्मनिरपेक्ष राज्य हो । विविध पृष्ठभूमिबाट बालबालिका विद्यालयमा अध्ययन गर्न आएका पाइन्छन् । त्यसै आधारमा बालबालिकाको रूचि, क्षमता र आवश्यकतालाई बुझेर समाहित शिक्षाले सम्मानित रूपमा शिक्षा दिनुपर्छ । सवै किसिमका दृष्टिविहीन  वालवालिकाहरूलाई राष्ट्रिय स्तरमा पहिचान गरी एउटै कक्षाकोठामा राखी शिक्षण गर्न सकिने खालको शिक्षाको व्यवस्था गर्नु नै दृष्टिविहीनहरूका लागि दिइने शिक्षाको प्रमुख लक्ष्य हो ।

यस अध्ययनमा दृष्टिविहीन  बालबालिकाले कक्षा व्यवस्थापनमा भोग्नुपरेका यथार्थ कठिनाइहरू पत्ता लगाइएको छ । उक्त जानकारीबाट दृष्टिविहीन  बालबालिकाका शिक्षण सिकाई प्रकृयामा सुधारल्याउन र पाठ्यक्रमको कार्यान्वयन पक्षलाई सुदृढ बनाउन सहयोग पुऱ्याएको छ । दृष्टिविहीन  बालबालिकाहरूलाई अध्यापन गराइरहनुभएका शिक्षकहरू र भविश्यमा दृष्टिविहीन बालबालिकालाई शिक्षा दिन इच्छुक व्यक्तिहरूका लागि पनि यसले निर्देशन प्रदान गरेको छ । साथै यसले दृष्टिविहीन  बालबालिकाहरूको शिक्षाको सञ्चालनमा देखिएका कमिकमजोरीहरू हटाई सुधार गर्ने, व्यवस्थापन गर्ने, सम्बन्धित पक्षलाई सक्रिय पार्ने र शिक्षाको सञ्चालन र व्यवस्थापन जटिल बन्दै गएको वर्तमान परिवेशमा यससँग सम्बन्धित शिक्षक, प्र.अ., वि.व्य.स., श्रोतव्यक्ति, वि.नि. तथा जि.शि.का. वुद्धिजिवी, शिक्षाविद, सरकारी तथा गैरसरकारी संस्थाहरूलाई जानकारी उपलब्ध गराउन यस अध्ययनले सहयोग प्रदान गर्ने हुनाले यसको औचित्य हुन्छ ।

## १.४.  अध्ययनको उद्देश्य

यस शोध कार्यका उद्देश्य तपसील अनुसार छन्

१) दृष्टिविहीन  विद्यार्थीहरूको कक्षा व्यवस्थापनको वर्तमान अवस्था  पहिचान गर्नु ।

२) दृष्टिविहीन  विद्यार्थीहरूले र शिक्षकले पठन-पाठनमा भोगेका समस्याहरू विश्लेषण गर्नु ।

३) दृष्टिविहीन  विद्यार्थीहरूले भोगेका समस्याहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनलाई सार्थक र उद्देश्यपूर्ण बनाई अघि बढाउनका लागि निम्न अनुसारका अनुसन्धात्मक प्रश्नहरू समावेश गरिएको छ :

१) दृष्टिविहीनहरूका लागि कक्षाकोठाको व्यवस्थापन कसरी गरिएको छ ?

२) दृष्टिविहीन बालबालिकाका शैक्षिक आवश्यकता के-के रहेका छन् ?

३) दृष्टिविहीन हरूको कक्षा सहभागितामा के के समस्याहरू रहेका छन् ?

४) दृष्टिविहीन विद्यार्थीहरूको शिक्षणमा शिक्षकले के कस्ता समस्याहरू भोग्नु परेको छ ?

५) दृष्टिविहीन बालवालिकाहरूको सिकाइमा के के समस्याहरू रहेका छन् ?

६) दृष्टिविहीन हरूलाई के कस्ता शिक्षण विधिहरूको प्रयोग गरी शिक्षण गर्न सकिन्छ?

७ दृष्टिविहीन हरूको कक्षा व्यवस्थापनलाई कसरी सहज बनाउन सकिन्छ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनलाई सरल र सहज बनाउन समय र स्रोतलाई ध्यानमा राखी यो अध्ययनलाई इलाम जिल्लामा समाहित शिक्षा कार्यक्रम अन्तर्गत संचालित ६ वटा विद्यालयहरू मध्ये श्री आदर्श उ.मा .वि स्रोतकेन्द अन्तर्गतको दृष्टिविहीन बालबालिकाले अध्ययन गर्ने श्री बालमन्दिर प्रा.वि इलाम नगरपालिकामा वि.स. २०७० सालमा कक्षा १-५ सम्म अध्ययन गर्ने दृष्टिविहीन बालबालिकाहरूमा मात्र सिमित गरिएको छ । यस अध्ययनलाई दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनको वर्तमान अवस्था अन्तर्गतउनीहरूको शिक्षण सिकाइको अवस्था, वसाइको अवस्था, साथीहरूको व्यवहार, शिक्षकको व्यवहार, कक्षाकोठाको वातावरण, शैक्षिक सामग्रीको प्रयोग अतिरिक्त क्रियाकलापमा सहभागिता, आया र खाजा नास्ताको व्यवस्था, दृष्टिविहीनहरूको सिकाइ उपलब्धि, शिक्षण विधि र भौतिक पूर्वधारको अध्ययन गरी समस्या समाधान गर्नमा केन्द्रित गरिएको छ ।

# परिच्छेद दुई :सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

यस शोधकार्यमा दृष्टिविहीन बालबालिकाको शैक्षिक अवस्था र कक्षाकोठा व्यवस्थापन सँग सम्बन्धित विभिन्न लेख, रचना, शोधपत्र, साथै अनुसन्धान प्रतिवेदनहरूको अध्ययन गरिएको छ। अध्ययन गरिएका दस्तावेजहरू मध्ये यस अध्ययनसँग मेल खाने र महत्वपूर्ण ठानिएका केही शोधपत्र तथा अन्य सामग्रीहरूको पनि पुनरावलोकन निम्नानुसार गरिएको छ।

गौतम (२०६८) का अनुसार समाहित शिक्षा भन्नाले सबैखालका अवस्थामा जीवन बिताई रहेका बालबालिका जस्तैः शारीरिक, मानसिक, वौद्धिक रूपमा कमजोर, अति तीक्ष्ण, घरेलु तथा सडक बालबालिका, अति पिछडिएका वर्गभित्र पर्ने बालबालिका, भाषिक अवस्था कमजोर बालबालिका सबैलाई उचित रूपमा व्यवस्थापन गरी प्रदान गरिने शिक्षालाई जनाउँछ।

महर्जन (२०७०) काअनुसार सन् १९८१ मा अन्तराष्ट्रिय अपाङ्ग वर्षको उलक्ष्यमा नमुनाको रूपमा गरिएको सर्वेक्षण अनुसार नेपालमा कुल जनसङ्ख्याको ३.००३ प्रतिशत अपाङ्ग रहेका छन्। मुख्यतया दृष्टिविहीन ता, बहिरा, सुस्त मनस्तिति, शारिरीक अपाङ्गतालाइ समेटिएको छ। साथै कूल अपाङ्गता मध्ये २५.७० प्रतिशत नेत्रहिन भएका मानिस रहेको देखिन्छ। हाल नेपालमा एकलाख ७० हजार जनसंख्या दृष्टिविहीन तथा अल्पदृष्टि युक्त रहेको अनुमान गरिएको छ। कमजोर आर्थिक अवस्था, अशिक्षा, सामाजिक कुधारणा बेरोजगारीको अवस्था, अवसर, पहुँचमा कमीले गर्दा दृष्टिविहीनहरूको प्रगतिमा कठिनाई भइरहेको छ।दृष्टिविहीनहरूको प्रगतिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा राष्ट्रको विकासमा असर गरेको हुन्छ। त्यसकारण दृष्टिविहीनहरूको प्रगतिका लागि, आर्थिक विकासका लागि, जीवनयापनमा सरलता ल्याउनका लागि र समग्र विकासका लागि अन्धोपनको उपचार तथा रोकथाम, शिक्षा रोजगार तथा स्वरोजगारको सिर्जना सामाजिक धारणामा परिवर्तन, सुरक्षित आवजजावत साथै सरकारी आरक्षणबाट पुनःस्थापना गर्नु नितान्त आवश्यक छ।

खवास (२०६९) ले दृष्टिविहीन विद्यार्थीहरूका कक्षा कोठा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलापमा कम सहभागिता हुनुमा विशेष तालिमप्राप्त शिक्षकको अभाव, मूल्यांकन र परीक्षा प्रणालीमा त्रुटी, ब्रेललिपिका पाठ्यपुस्तक दृष्टिविहीनहरूको पहुँचमा नहुनु, आधुनिक प्रविधियुक्त शिक्षण प्रविधि र शैक्षिक सामग्रीहरूको प्रयोग नहुनुलाई लिएका छन्। साथै त्यस्ता समस्याहरूलाई सुझाउन दृष्टिविहीनहरूकालागि छुट्टै पाठ्यक्रम निर्माण गर्नुपर्ने वा विद्यमान पाठ्यक्रमलाई

दृष्टिविहीनहरूको अनुकुल हुनेगरी वैकल्पिक व्यवस्था गर्नुपर्ने , मूल्यांकन र परीक्षा प्रणालीलाई दृष्टिविहीन  मैत्री बनाउनु पर्ने ,ब्रेललिपिका पुस्तकहरू पर्याप्त मात्रामा उपलब्ध गराउनु पर्ने , विशेष तालिमको व्यवस्था गरिनुपर्ने कुरा उल्लेख गरेका छन् ।

कार्की (२०३८) काअनुसार देशका विभिन्न भागवाट शिक्षा लिनका लागि आउने सबै दृष्टिविहीनहरूले पर्याप्त रकमका अभावमा विद्यालयहरूमा भर्ना हुन पाउँदैनन् । सिमित सिटमा भर्ना हुन पाउन सफल दृष्टिविहीनहरूलाई पनि सामान्य साक्षर वनाउने हिसावले मात्र पढाउने गरिन्छ । व्यवसायिक तालिम केन्द्रको अभावमा उनीहरूलाई दिनुपर्ने व्यवसायिक तालिमहरू नगन्य रूपमा दिइन्छन् साथै विशेष तालिम प्राप्त शिक्षकहरू र शैक्षिकसामग्रीहरूको अभावले पनि दृष्टिविहीनहरूलाई शिक्षा लिनमा बाधा पुगिरहेको छ ।

पौडेल (२०६३) ले आफनो स्नातकोत्तर तहको सोधपत्रमा नेपालमा दृष्टिविहीन विद्यार्थीहरूको शिक्षालाई मजबुत बनाउन गरिएका प्रयासहरू पर्याप्त नभएको, नियमित र ठोस आर्थिक सहयोगको कमी भएको, सामाजिक अन्धविश्वासले नकारात्मक असर गरेको र दृष्टिविहीनहरू आफै हिनताबोधले ग्रस्त भएको जस्ता समस्यालाई दृष्टिविहीनहरूको उपलब्धिको बाधक देखाएका छन्। तालिम दिने संस्थाहरूको अभाव हुनु, विद्यालयमा तालिम प्राप्त शिक्षकहरूको कमी हुनु, दृष्टिविहीन  र सामान्य खालका विद्यार्थीहरूलाई एउटै शिक्षण विधिको प्रयोग गर्नु, परीक्षामा दृष्टिविहीनहरूलाई अतिरिक्त समय उपलब्ध नगराइनु ,प्रवचन विधिको प्रयोग बढी हुनाले, कक्षाकोठाको भौतिक र शैक्षणिक वातावरणलाई अधिकतम असर पुऱ्याएको उनको ठहर छ । आफ्नो उक्त अध्ययनमा उनले दृष्टिविहीनहरूको शिक्षाका सुधारका लागि उनीहरूको आत्मवल बढाउने खालका कार्यकमहरू ल्याउनु पर्ने , विशेष तालिमप्राप्त शिक्षकको व्यवस्था गरिनु पर्ने,अतिरिक्त समय उपलब्ध गराइनुपर्ने ,शिक्षणमा दृष्टिविहीन  विशेष शिक्षण विधि प्रयोग गरिनुपर्ने जस्ता सुझावहरू दिएका छन् ।

शर्मा (२०६१) का अनुसार 'नेपाली सांकेतिक भाषाको उदय, विकास र स्वरूप ' नामक कृतिमा विश्वमा सांकेतिक भाषाको सुरूवात कहाँवाट र कसरी भएको रहेछ भन्ने सम्वन्धमा यथेष्ट प्रकाशन गरिएको छ । वर्तमान सम्म आउँदा युरोपेली र अमेरिकी सांकेतिक भाषाका क्षेत्रमा प्रसश्त कार्यहरू भईसकेका छन् । वहिरा लगायत अन्य सबै प्रकारका अपाङ्गलाई शिक्षा, स्वास्थ्य, रोजगार, तालिम आदिको प्रसस्त व्यवस्थाका साथै विकसित देशहरूमा यिनीहरूलाई हेर्ने दृष्टिकोण पनि निकै सकारात्मक पाईन्छ । हाम्रो देशमा भने अधिकांस साङ्ग समुदायले अपाङगहरूलाइ  वढी उपाहस गर्ने र उनीहरूको भावना र विचार माथि कुल्चने प्रवृत्तिले जरा गाडेका हुनाले कसरी स्वस्थ सामाजिक

विकास हुन सक्ला भन्ने आशंका पैदा हुन्छ र यो वढी चिन्ताकोविषय पनि वनेको छ । हेलेन केलर दृष्टिविहीन  तथा श्रवणविहीन  भएर पनि उनको प्रतिभाले गर्दा उनी संसारभर प्रसिद्ध बनिन् । त्यस्तै अलेक्जेन्डर ग्रामवेल  वहिरा भएर पनि टेलिफोनका आविष्कार बने । अनुसन्धान , कला आदिका क्षेत्रमा रूपान्तरित गरेका व्यक्तित्वका सूचि वनाउदै जाने हो भने निकै लामो सूचि वन्न सक्छ  ।

ओझा (२०६९) का अनुसार दृष्टिविहीन  लगायत अन्य अपाङ्गपन भएका बालबालिकाहरूको समस्या समाधानका लागि परिवार र समुदायको भूमिका तथा दृष्टिकोण पनि सकारात्मक हुन जरूरी छ । दृष्टिविहीनहरू बस्ने समाजको उक्त सानो एकाइ जति सकरात्मक भए त्यति नै समस्या समाधानको लागि अनुकुलता पैदा हुन्छ र स्वयम् दृष्टिविहीन  तथा अन्य अपाङ्ग विश्वास युक्त, दृढ र सकारात्मक वनाउन योगदान पुग्दछन् । यो समस्या व्यक्तिको निम्ति या विशुद्ध पारिवारिक समस्या मात्र नभएर सामाजिक समस्या पनि भएकाले यसको समाधानका लागि पनि त्यस्तै सामुहिक प्रयास जुटाउनु आवश्यक हुन्छ । अपाङ्गलाई हीन, बोझ या समस्या ठान्नुको साटो त्यसलाई सहज, यर्थाथ मानेर त्यही प्रतिकुलता भित्र पनि अनुकुलता खोज्न सवैको ध्यान पुग्न जरूरी छ ।

## २.२ सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानसँग सम्वन्धित ज्ञानलाई के कसरी व्यावहारिक प्रयोगमा सामञ्जस्य गराउन सकिन्छ भनी सैद्धान्तिक खाकाले सहयोग पुऱ्याउने गर्दछ । तसर्थ अनुसन्धान कार्यलाई पूर्णता दिन कुनै न कुनै सिद्धान्तमा आधारित भएर गर्नु पर्दछ । यस अध्ययन कार्यलाई पूर्णता दिन व्यवस्थापनको मानव सम्वन्ध सिद्धान्तलाई प्रयोग गरिएको छ ।

मायो (१९४९) काअनुसार व्यवस्थापक र कामदार बीच अर्न्तक्रिया हुन पर्दछ । व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह सञ्चालन, नेतृत्व, उत्प्रेरणा, सञ्चार र व्यक्तित्व जस्ता मानवीय व्यवहार संस्थामा हुनु पर्दछ । यस सिद्धान्तअनुसार मानवलाई मानवकै जस्तो व्यावहार गरिनु पर्दछ । मानवलाई संस्थाको कुनै वस्तु वा सम्पतिको रूपमा लिनु हुँदैन । एकले अर्काको अस्तित्वलाई स्वीकार गरी आफ्नो जिम्मेवारी पूरा गरी आपसमा सुमधुर सम्वन्ध कायम गर्नसके संस्थाको उद्देश्यलाई प्रभावकारी रूपमा पुरा गर्न सकिन्छ । मानवीय सम्वन्धले मानवीय पक्ष, व्यावहारिक पक्ष, सहयोगात्मक पक्ष, आर्थिक पक्ष र साँस्कृतिक पक्ष जस्ता कुराहरूमा जोड दिन्छ । यस अध्ययनका लागि मानवीय पक्ष,  सामाजिक पक्ष र सहयोगात्मक पक्ष हेरिएको छ । जसमा

विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, अभिभावक, स्रोत शिक्षक, आया र विद्यार्थीहरूबीच राम्रो मानवीय सम्वन्ध भएमा विशेष शिक्षाका उद्धेश्य प्राप्त गर्न सहज हुने भएको हुँदा उनीहरूबीच कस्तो मानवीय सम्वन्ध छ र यसले दृष्टिविहीनहरूको कक्षा व्यवस्थापन कार्यमा के असर गरेको छ भनी विश्लेषण गर्न व्यावस्थापनको मानव सम्वन्ध सिद्धान्त प्रयोग गरिएको छ । मानव सम्वध सिद्धान्त इ.स. सन् १९५० ताका प्रचलित रूपमा रहेको पाइन्छ । यस अगाडीका सिद्धान्तले संगठन र सहकार्यलाई यान्त्रिक दृष्टिकोणले हेरेका कारण यो सिद्धान्तको सुरूवात भएको पाइन्छ । कुनै पनि संस्थामा काम गर्नेहरूबीच राम्रो मानव सम्वन्ध भएमा मात्र कार्यसम्पादन पनि राम्रो ,चाँडो र स्तरीय हुने र यसको विपरित मानव सम्वध नराम्रो भएमा कार्य सम्पादन ढिलो र कम गुणस्तरीय हुनाले उत्पादन प्रकृयामा प्रभाव पर्दछ  (कोइराला र श्रेष्ठ २०६५ बाट उद्धृत) ।

सस्था प्रमुख (प्रधानाध्यापक) संग मानवीय सम्वन्ध स्थापित गर्ने, शिक्षक र कर्मचारी मनोभाव बढाउने, कार्यदक्षता र क्षमता वढाउने उत्प्रेरणा प्रदान गर्ने, अरूलाई रिफाउने, व्याख्या विश्लेषण गर्ने,सीप हुनु पर्दछ । जसको कारण शैक्षिक संस्थामा कार्य गर्न राम्रो वातावरण सिर्जना गर्दछ । व्यवस्थापन सामुहिक र सहयोगात्मक हुने हुँदा यस कार्यमा सम्वद्ध सम्पूर्ण पक्षको सहयोग, सुफाव र सल्लाह लिएर अगाडी वढ्नु पर्दछ । व्यवस्थापकसँग भएको व्यावस्थापकीय सीपले शिक्षक र कर्मचारिलाई अन्तर वैयक्तिक सम्वन्ध स्थापित गर्न सघाउ पुग्दछ । अत : स्रोत विद्यालयका प्र.अ., वि.व्या.स., स्रोत शिक्षक, आया, विद्यार्थी  र अभिभावकवीच सुमधुर मानवीय सम्वन्ध स्थापित हुनु  पर्दछ । जसका लागि एक आपसमा छलफल र विचार आदान प्रदान गरेर अगाडि वढ्नु पर्दछ । आवासमा बस्ने विद्यार्थी-विद्यार्थी, शिक्षक-विद्यार्थी बीच सुरूको अवस्था देखि नै समन्वयात्मक र सहयोगी वातावरणमा बस्न सिकाउनु पर्दछ । संस्थामा कार्य सुचारू रूपमा सञ्चालन हुन त्यहाँका मानव संसाधन बीच दोहोरो र सुमधुर मानवीय सम्वन्धको महत्वपूर्ण भूमिका हुन्छ । व्यवस्थापनमा प्र.अ. र शिक्षक, शिक्षक र शिक्षक, शिक्षक र विद्यार्थी, विद्यार्थी विद्यार्थी, आया र विद्यार्थी, विद्यार्थी र आया ,प्र.अ. र वि.व्य.स. अध्यक्ष ,प्र.अ. र स्रोत व्यक्ति र प्र.अ. र अभिभावक बीच व्यवस्थापनका विभिन्न पक्षहरूको सम्वन्धमा दोहोरो र प्रभावकारी सञ्चारको आवश्यकता पर्दछ । जसले गर्दा विशेष शिक्षाले अपेक्षा गरेको उपलब्धि हाँसिल गर्न सकिन्छ ।

शैक्षिक संस्थाको लागि प्र.अ. प्रमुख व्यावस्थापक र प्रशासक दुबै हुन्छ । संस्थामा हेर्ने व्यवस्थापन  एक गतिशील र क्रियाशील प्रकृया भएकाले योजना तर्जुमा गर्ने, समन्वय गर्ने र नियन्त्रण गर्ने कार्य शैक्षिक संस्थाहरूमा निरन्तर चलिरहन्छ । उक्त कार्यहरू गर्ने जिम्मेवारी विद्यालय प्र.अ. को हुँदा संस्थामा कार्यरत व्यक्तिहरू बीच राम्रो मानवीय सम्वन्ध कायम हुन सकेमा

मात्र विशेष शिक्षाले लिएको उद्देश्य पुरा हुन सक्छ । संस्थाको केन्द्रविन्दु नै व्यवस्थापन हो । स्रोत विद्यालयका प्र.अ.ले शैक्षिक व्यवस्थापनमा आइपर्ने भौतिक, आर्थिक, शैक्षिक साथै अन्य समस्याहरूको समाधान गर्न सम्वन्धित सबै पक्षको सहयोग लिई कार्यान्वयन गर्नु पर्दछ । शैक्षिक संस्थामा साधन, स्रोत, प्रकृया र वातावरण बीच सुमधुर सम्वन्ध कायम राख्न समन्वयात्मक कार्य भईरहनु पर्दछ ।

विद्यालयलाई आवश्यक पर्ने स्रोत साधन एवं आवासीय व्यावस्थापनमा आवश्यक पर्ने स्रोत तथा साधनहरू के-के हुन् ? कसरी र कहाँवाट जुटाउने ? भन्ने विषययमा आपसी समन्वय हुनु पर्दछ । दृष्टिविहीन  बालबालिकाहरूलाई शिक्षा दिन मानव सम्वन्धको महत्वपूर्ण भूमिका हुन्छ । आवासमा बस्ने विद्यार्थीहरू  सँगै नजिकमा रहेर उनीहरूको वैयक्तिक भिन्नतालाई पहिचाहन गरी नजिकीएर रमाइलो र आनन्दमय वातावरण निर्माण गर्नु पर्दछ । आवासमा बस्ने विद्यार्थीलाई समान व्यवहवार गरी सदैव सकारात्मक र दयालु भावना राख्नु पर्दछ । जसले गर्दा बालबालिकाको आवासमा आनन्दमय हुन्छ र यस्तो वातावरण भएमा स्रोत कक्षाका दृष्टिविहीन  बालबालिकाहरूले राम्ररी सिक्न सक्दछन्।

“विशेष किसिमको आवश्यकता भएका बालबालिकाहरूलाई शिक्षा दिनका लागि उनीहरूको शैक्षिक खाँचोलाई पूरा गर्न तयार गरिएको सबै किसिमको शिक्षा तथा तालिम नै विशेष शिक्षा हो ” (विशेष शिक्षा सञ्चालन निर्देशिका, २०६० :६२) ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

यस स्रोत अध्ययनको शीर्षकसँग सम्बन्धित पूर्व साहित्यको अध्ययन अर्न्तगत विभिन्न पत्र पत्रिकामा प्रकाशित लेख तथा रचनाहरू, शोधपत्रहरू, आयोगका प्रतिवेदनहरूको अध्ययन गरिएको छ । उक्त अध्ययनबाट यो थाहा हुन आएको कि अपाङ्गहरू पनि समाज र राष्ट्रका नागरिक हुन् उनीहरूको पनि शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार हुन्छ । साङ्ग व्यक्ति सरह अपाङ्गहरूले पनि शिक्षा प्राप्त गरी समाज र राष्ट्रको सेवा गर्न सक्दछन् । उनीहरू साधारण व्यक्ति सरह साधारण शिक्षा प्राप्त गर्न नसक्ने हुँदा उनीहरूलाई विशेष शिक्षाको आवश्यकता पर्दछ । यस्तो प्रकारको शिक्षा दिन विशेष विद्यालय स्थापना गरिदिन विभिन्न समस्याका कारण कठिन हुने हुँदा साधारण विद्यालयमा नै एकीकृत रूपमा शिक्षा दिने वातावरणको निर्माण गर्न विशेष श्रोत कक्षाको व्यवस्था गरिदिनु पर्दछ ।

यस अध्ययनमा दृष्टिविहीन बालबालिकाहरूको कक्षाकोठा व्यवस्थापन सम्वन्धमा गरिएका खोज तथा अनुसन्धानहरूको अध्यायन गरी कक्षाकोठा व्यवस्थापनमा अझ प्रभावकारिता बढाउनका लागि उपायको खोजी गर्न यस अध्यायनले सहयोग पुऱ्याउने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमुनाको छनौट, नमुना छनौटको आकार, नमुना छनौटको विधि, नमुना छनौटको आधार, अनुसन्धानका साधानहरू, साधनको वैधता, तथ्याङ्कको स्रोत, तथ्याङ्क सङ्कलनको प्रक्रिया, तथ्याङ्क विश्लेषणको प्रक्रियामा आधारित भएर प्रस्तुत गरिएकोछ ।

## ३.१. अध्ययनको ढाँचा

यस अध्ययनमा सङकलित तथ्याङ्कहरूलाई शाब्दिक रूपमा व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिने भएकाले मुलतः यो अनुसन्धान गुणात्मक ढाँचाको भएता पनि यस अध्ययनको समस्यासँग सम्बन्धलाई संख्यात्मक मूल्यमा पनि व्याख्या गरिने भएकाले यो अध्ययन परिमाणात्मक स्वरूपको पनि भएको छ । अर्थात अध्ययनको ढाँचा गुणात्मक तथा परिमाणात्मक दुवै ढाँचाको प्रयोग गरी व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूनाको आकार

यस अध्ययनको जनसंख्याको रूपमा इलाम जिल्लामा हाल दृष्टिविहीन शिक्षा कार्यक्रम संचालित भइरहेको एक विद्यालय र विद्यालयका प्र.अ. शिक्षकहरू, दृष्टिविहीन विद्यार्थीहरू, वि.व्य.स. अध्यक्ष तथा पदाधिकारी र अभिभावक यस अध्ययनका जनसंख्याको रूपमा रहेका छन् ।

यस अध्ययनको लागि इलाम जिल्ला अन्तर्गतका आदर्श स्रोतकेन्द्र भित्र पर्ने श्री बालमन्दिर प्रा.वि. का प्र.अ. १ जना, शिक्षक १ जना, दृष्टिविहीन विद्यार्थीहरू ६ जना र अभिभावक २ जना गरी १० जना नमुनाको रूपमा छनौट गरिएको छ ।

### ३.२.१ नमुना छनोटका आधार

यस अध्ययनको लागि इलाम जिल्लाको आदर्श स्रोतकेन्द्रको भौगोलिक दुरीका आधारमा सहज हुनेगरी उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा अध्ययन गरिएको छ । विद्यालय, शिक्षक र विद्यार्थीको छनोटमा सुगमतालाई हेरी समेटिएको छ ।

### ३.२.२ नमुना छनोट विधि

यस अनुसन्धानको लागि इलाम जिल्लाका १४ वटा स्रोतकेन्द्र मध्ये उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा एउटा स्रोतकेन्द्र छनोट गरिएको छ। विद्यालय तथा शिक्षकको छनोट गणना विधिका आधारमा गरिएको छ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनलाई पूरा गर्नका लागि अध्ययनको उद्देश्य स्रोत, साधन र समय अवधिलाई ध्यान राख्दै तथ्याङ्कको सङकलन गर्नका लागि निम्न लिखित साधनहरूको प्रयोग गरिएको छ।

### क) प्रश्नावली

अनुसन्धानका साधनहरूमा प्रश्नावलीलाई सम्बन्धित विषयका विषय शिक्षक, प्र.अ, अभिभावक तथा विद्यार्थी बीचमा प्रश्नावलीको नमुना प्रदान गरिएको छ। जसबाट दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापनमा सहयोग पुऱ्याउने कारक तत्वहरूको पहिचान गर्न सहयोग पुऱ्याएको छ।  जसलाई अनुसूची ३, ४, ५ र ६ मा प्रस्तुत गरिएको छ।

### ख) भौतिक तथा शैक्षिक सामग्री विवरण फाराम

अनुसन्धानको साधनको रूपमा विभिन्न विवरण उल्लेख गरिएको भौतिक तथा शैक्षिक सामग्री विवरण फाराम अध्ययनमा समावेश गरिएको विद्यालयमा प्रेसित गरिएको थियो। जसबाट विद्यालयको भौतिक तथा शैक्षिक सामग्री विवरणको तथ्याङ्क संकलन गरिएको छ। जसलाई अनुसूची १ मा प्रस्तुत गरिएको छ।

### ग) विद्यार्थी विवरण फाराम

अनुसन्धानको साधानको रूपमा विद्यार्थीको सङ्ख्या र कुन कक्षामा कतिजना दृष्टिविहीन विद्यार्थी अध्ययन गर्दछन् भनी तथ्याङ्क सङ्कलन गर्न विद्यार्थीहरू विवरण फाराम अध्ययनमा समावेश गरिएको विद्यालयहरूमा प्रेसित गरिएको थियो। जसबाट विद्यालयको दृष्टिविहीन

विद्यार्थीहरूको विवरण र सवलाङ्ग विद्यार्थी विवरणको तथ्याङ्क संकलन गरिएको छ। जसलाई अनुसूची २ मा प्रस्तुत गरिएको छ।

वैध साधनबाट वैध सुचना र जानकारीहरू प्राप्त गर्न सकिन्छ। अनुसन्धानलाई वैध बनाउनका लागि अनुसन्धानको क्रममा प्रयोग गरिएका साधनहरूलाई वैध वनाउनु पर्दछ। यस अनुसन्धानलाई वैध बनाउनका लागि उक्त अनुसन्धानका लागि तोकिएको वा आपनो शोधपत्र निर्देशक ज्यूसँग छलफल गरिएको छ। विषय विशेषज्ञ ज्यूहरूसँग छलफल, शोधकर्ता भन्दा अग्रज विद्यार्थीसँग छलफल गरिएको जसले अगावै शोधपत्र गरेको हुन्छ। उक्त छलफल, निष्कर्ष र सुझावका आधारमा पुनरलेखन गरिएको छ। साथै आवश्यकता अनुरूप पुरानो शोधपत्रलाई समेत अध्ययन  गरिएको छ।

## ३.४ तथ्याङ्क सङ्कलनका स्रोतहरू

अनुसन्धान कार्यमा सहि विवरण तथा तथ्याङ्क संकलन गरी निष्कर्षमा पुग्न निम्न लिखित स्रोतहरूको प्रयोग गरिएको छ ।

### क) प्राथमिक स्रोत

तथ्याङ्क संकलनका लागि प्राथमिक स्रोत  अत्यन्तै महत्वपूर्ण स्रोत मानिन्छ। यसमा अनुसन्धान कर्ता स्वयम् स्रोतकेन्द्र तथा विद्यालयमा गई विललयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूसंग दृष्टिविहीन विद्यार्थीहरू र उनीहरूको कक्षा व्यवस्थापनसँग सम्बन्धित कामहरूको बारेमा प्रश्नावलीको प्रयोग गरेर जानकारी लिइएको छ।

### ख) द्वितीय स्रोत

अनुसन्धानका लागि आवश्यक पर्ने पुस्तक, पत्रपत्रिका, लेख रचना, प्रतिवेदनका साथै विद्यालयमा विद्यमान रहेको दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापनसंग सम्वन्धित अभिलेखहरूलाई स्रोतका रूपमा राखिएको छ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयम् छनोट भएको विद्यालयमा स्थलगत सर्वेक्षण गरी सरोकारवालाहरूसँग प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नावली, अन्तर्वाता र अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । यसरी तथ्याङ्क सङ्कलन गर्न साधनको प्रयोग गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण विधि

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क अध्ययनकर्ता आफैले प्रश्नावाली बनाई नमूनामा परेको विद्यालयको प्र.अ., शिक्षक, अभिभावक तथा विद्यार्थीहरूसँग राय संकलन गरिएको छ । साथै द्वितीय तथ्यांकको संकलन स्रोतकेन्द्र तथा विद्यालयबाट प्रकाशित तथा अप्रकाशित तथ्यांक संकलन गरी उपलब्ध तथ्यांकको विश्लेषण तथा प्रस्तुतीकरण प्रक्रियामा साधारणतया व्याख्या, विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : नतिजा र छलफल

दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापन शीर्षकमा गरिएको यस अनुसन्धानमा अनुसन्धानकर्ता स्वयम् स्थलगत रूपमा नमुना छनौट गरिएको विद्यालयमा पुगी सम्बन्धित व्यक्तिहरूसँग अन्तरक्रिया एवम् अवलोकन गरी प्राप्त जानकारीहरू तथा विभिन्न किसिमका लिखित दस्तावेज, अभिलेख, पुस्तक र पत्र पत्रिकाबाट प्राप्त जानकारीहरूलाई अनुसन्धानका उद्देश्यहरूमा केन्द्रित भई उद्देश्यगत रूपमा विभिन्न उप शीर्षकहरूमा विभाजन गरी विश्लेषण र व्याख्या गरिएको छ ।

## ४.१ दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनको वर्तमान अवस्था

सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाको आवश्यकता पर्छ । कक्षाकोठा सुविधायुक्त नभएसम्म शिक्षण सिकाइ राम्रो हुन सक्दैन । कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो भएमामात्र सिकाइ राम्रो हुन्छ । यसका लागि विद्यार्थी संख्या अनुसारका कक्षाकोठा हुनुपर्दछ । कक्षाकोठामा डेस्कबेञ्च, टेवल, फर्निचर आदिको उचित व्यवस्थापन हुनुपर्दछ । कालोपाटी रखाइ उपयुक्त हुनुका साथै कक्षाकोठामा ध्वनी शोषक वस्तुहरू राख्नुपर्दछ । जसले गर्दा एउटा कक्षाकोठाको आवाज अर्कोमा गएर वाधा नपुऱ्याओस् । कक्षाकोठामा विद्यार्थीको वैज्ञानिक बसाइ, झ्यालढोका तथा प्रकाशको उचित प्रबन्ध, शैक्षिक अनुशासन, विद्यार्थीका स्तर अनुसारका सन्दर्भ सामग्रीको व्यवस्था गर्नुका साथै पाठ अनुसारका सन्दर्भ सामग्री र महान व्यक्तिका महानवाणीको प्रयोग गरिनु पर्दछ ।

यसरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाका लागि आवश्यक पर्ने सम्पूर्ण सामग्रीको व्यवस्थापन गरी कक्षाकोठाको व्यवस्थापन राम्रो पार्नु पर्ने देखिन्छ र दृष्टिविहीन बालबालिकाहरूको कक्षा व्यवस्थापनको अवस्था के कस्तो रहेको छ भन्ने सन्दर्भमा केन्द्रित भई अनुसन्धानकर्ताले विभिन्न किसिमका प्राथमिक तथा सहायक स्रोतहरूबाट संकलन गरेका जानकारीहरूलाई व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१.१ कक्षागत दृष्टिविहीन  विद्यार्थी सङ्ख्या विवरण

तालिका १ : कक्षागत दृष्टिविहीन  विद्यार्थी संख्या विवरण

| कक्षा | विद्यार्थी संख्या | | जम्मा | दृष्टिगत अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | | छात्र | छात्रा | जम्मा |
| कक्षा -१ | ७ | ९ | १६ | १ | १ | २ |
| कक्षा -२ | ८ | ७ | १५ | - | १ | १ |
| कक्षा -३ | ५ | १० | १५ | - | - | - |
| कक्षा -४ | ३ | ७ | १० | २ | - | २ |
| कक्षा -५ | ५ | ४ | ९ | - | १ | १ |
| जम्मा | २८ | ३७ | ६५ | ३ | ३ | ६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकाबाट नमूना छनौटमा परेको विद्यालयको विद्यार्थी संख्या अध्ययन गर्दा श्री बालमन्दिर प्रा.वि. मा जम्मा ६५ जना विद्यार्थी रहेका छन् । दृष्टिविहीन  विद्यार्थी ६ जना रहेका छन् । यस विद्यालयमा छात्र भन्दा छात्राको सङ्ख्या बढी रहेको पाइन्छ । दृष्टिविहीन  विद्यार्थीहरूमा छात्रछात्राको सङ्ख्या बराबर रहेको पाइयो । त्यसैगरी कक्षा तीनमा कुनै प्रकारका दृष्टिविहीन विद्यार्थी अध्ययन गरेको पाइएन ।

### ४.१.२ कक्षाकोठाको क्षेत्रफल

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्ष कक्षाकोठाको क्षेत्रफल हो । हरेक विद्यालयले समयको माग अनुसार तथा विद्यार्थीको संख्याका आधारमा कक्षाकोठाको क्षेत्रफल निर्धारण गर्नुपर्दछ । यस अध्ययनका लागि नमूना छनौटमा परेको विद्यालयको कक्षाकोठाको क्षेत्रफल सामान्य अवस्थाको भए पनि विद्यार्थी सङ्ख्या कम नै भएकाले गर्दा विद्यार्थी कक्षामा बस्दा र अन्य क्रियाकलाप गर्दा अप्ठेरो महसुस नगरेको पाइएको छ ।

तालिका २: कक्षाकोठाको क्षेत्रफल

| कक्षा | कक्षाकोठाको लम्बाइ (फिटमा) | कक्षाकोठाको चौडाइ (फिटमा) | कक्षाकोठाको क्षेत्रफल (वर्ग फिटमा) |
|---|---|---|---|
| कक्षा-१ | २२ | १८ | ३९६ |
| कक्षा-२ | २२ | १८ | ३९६ |
| कक्षा-३ | १८ | १५ | २७० |
| कक्षा-४ | २२ | १८ | ३९६ |
| कक्षा-५ | २२ | १८ | ३९६ |

स्रोतः स्थलगत सर्भेक्षण, २०७०

नमूना छनौटमा परेको विद्यालयको कक्षाकोठाको क्षेत्रफल अध्ययन गर्दा बालमन्दिर प्रा.वि. का प्राथमिक तहका कक्षा १,२, ४ र ५ का कक्षाकोठाहरूको लम्बाइ र चौडाइ क्रमशः २२×१८ अर्थात ३९६ वर्गफिट रहेको र कक्षा ३ को लम्बाइ र चौडाइ क्रमशः १८×१५ अर्थात २७० वर्गफिट रहेको छ। कक्षाकोठाहरूको क्षेत्रफलको अध्ययन गर्दा तुलनात्मक रूपमा कक्षा ३ को क्षेत्रफल कम रहेको छ। विद्यार्थी संख्याको अनुपातमा यी कक्षाकोठाहरू केही ठूला रहेकाले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा केही समस्या देखिएको छैन। जसले गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज नै देखिएको छ।

### ४.१.३ कक्षाकोठामा प्रकाशको अवस्था

कक्षाकोठा व्यवस्थापनको अर्को महत्वपूर्ण पक्ष भनेको प्रकाशको अवस्था हो। विद्यालयका कक्षाकोठामा विद्यार्थीलाई पढ्न लेख्न तथा शिक्षकलाई शिक्षण गर्न समेत कक्षाकोठामा प्रकाशको उचित प्रबन्ध हुनुपर्दछ। यस अध्ययनमा परेको विद्यालयमा प्रकाश सम्बन्धि निम्न अवस्था पाइएको छ।

तालिका ३ : कक्षाकोठामा प्रकाशको अवस्था

| कक्षाहरू | प्रकाश पर्याप्त भएका | प्रकाश पर्याप्त नभएका |
|---|---|---|
| कक्षा-१ | √ | - |
| कक्षा-२ | √ | - |
| कक्षा-३ | - | √ |
| कक्षा-४ | √ | - |
| कक्षा-५ | √ | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकालाई अध्ययन गर्दा श्री बालमन्दिर प्रा.वि. का कक्षा सञ्चालन भएका ५ वटा कक्षामध्ये कक्षा ३ मा प्रकाशको अवस्था राम्रो देखिएको छैन । त्यसैले प्रकाश कम भएको कक्षाकोठामा प्रकाशको अवस्था राम्रो नभएकाले गर्दा वा पर्याप्त प्रकाश नहुँदा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न समस्या देखिएको छ । यस्तो समस्या समाधान गर्नका लागि सम्बन्धित विद्यालयले प्रकाशको पर्याप्तता नभएको कक्षाकोठामा पारदर्शी पाताको छानाको व्यवस्था, विद्युत तथा सौर्य विजुलीको व्यवस्था गरी  प्रकाशको पर्याप्तता पुऱ्याउनु पर्ने देखिन्छ ।

### ४.१.४ झ्याल, ढोकाको अवस्था

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्ष झ्यालढोकाको अवस्था हो । कक्षाकोठाको आकार र विद्यार्थी संख्याको अनुपातमा झ्यालढोका राखिनु पर्दछ । यस अध्ययनमा परेका विद्यालयहरूको झ्यालढोकाको अवस्था निम्नानुसार छ :

तालिका ४: झ्याल, ढोकाको अवस्था

| कक्षा | झ्याल संख्या | ढोका संख्या |
|---|---|---|
| कक्षा -१ | ४ | २ |
| कक्षा -२ | ४ | २ |
| कक्षा -३ | २ | १ |
| कक्षा -४ | ४ | २ |
| कक्षा -५ | ४ | २ |
| जम्मा | १८ | ९ |

स्रोत : स्थलगत सर्भेक्षण, २०७०

माथिको तालिकालाई अध्ययन गर्दा श्री बालमन्दिर प्रा.वि.इनपामा झ्यालको संख्या १८ र ढोका संख्या ९ छन् । प्रत्येक कक्षाकोठामा चार-चार वटा झ्याल र दुई-दुईवटा ढोकाको व्यवस्था रहेको पाइयो । कक्षा ३ मा भने विद्यार्थी संख्याको अनुपातमा र कक्षाकोठाको आकार अनुसार झ्याल र ढोकाको संख्या थप गर्नुपर्ने देखिन्छ ।

### ४.१.५ कक्षाकोठाको सरसफाइ

कक्षाकोठा फोहोर भएमा पढाइमा बाधा आउने मात्र होइन विद्यार्थीहरूलाई विभिन्न किसिमका रोगहरू लाग्ने गर्दछ । कक्षाभित्र जथाभावी फोहोर हुनबाट रोक्नका लागि हरेक कक्षामा डष्टविनको व्यवस्था गर्नु पर्दछ । कक्षालाई दिनको १-२ पटक सफा गर्ने गरेमा सफा तथा आकर्षक बन्दछ । सथै वर्षमा १ पटक रंग रोगन गरेर पनि आकर्षक बनाउन सकिन्छ । जसले गर्दा देख्नका लागि राम्रो र पढाइमा पनि सहजता हुन्छ । यस अध्ययनमा परेको विद्यालयको कक्षाकोठाको सरसफाइको अवस्था यस्तो रहेको छ :

तालिका ५ : कक्षाकोठाको सरसफाइ

| कक्षा | सफाइ भएका कक्षा | सफाइ नभएका कक्षा |
|---|---|---|
| कक्षा -१ | - | √ |
| कक्षा -२ | - | √ |
| कक्षा -३ | √ | - |
| कक्षा -४ | √ | - |
| कक्षा -५ | √ | - |

स्रोत : स्थलगत सर्भेक्षण, २०७०

माथिको तालिकाका आधारमा कक्षाकोठाको सरसफाइको अवस्थालाई यसरी व्याख्या गर्न सकिन्छ । बालमन्दिर प्रा.वि.मा पठन पाठन कार्यमा प्रयोग हुने पाँचवटा कक्षाकोठाहरू मध्ये कक्षा १ र २ का कोठाहरू सफाइ नभएका पाइयो र कक्षा ३, ४ र ५ का कोठाहरू सफा भएको पाइयो ।

यसरी कक्षाकोठामा व्यबस्थापनमा सरसफाइको अवस्था राम्रो हुनु पर्नेमा अध्ययनका लागि नमूनामा परेको विद्यालयको कक्षा १ र २ कक्षामा सरसफाइको अवस्था कमजोर देखियो । विद्यालयले ती कक्षाहरूको सरसफाइमा पनि ध्यान दिई कक्षाकोठाको वातावरण स्वच्छ राख्नु पर्ने देखिन्छ । साथै हरेक कक्षाकोठामा एउटा डस्टविन राख्नुपर्ने अवस्था पाइयो ।

### ४.१.६ फर्निचरको अवस्था

यस विद्यालयको कक्षागत फर्निचर (डेस्क बेन्च) को अवस्था यस प्रकार रहेको पाइयो :

तालिका ६: फर्निचरको अवस्था

| कक्षा | फर्निचर सङ्ख्या |
|---|---|
| कक्षा -१ | ८ जोर |
| कक्षा -२ | ८ जोर |
| कक्षा -३ | ८ जोर |
| कक्षा -४ | ७ जोर |
| कक्षा -५ | ७ जोर |
| जम्मा | ३८ जोर |

स्रोत : स्थलगत सर्भेक्षण, २०७०

माथिको तालिकाका आधारमा अध्ययनमा परेको विद्यालयको फर्निचरको अवस्था अध्ययन गर्दा यस्तो अवस्था देखिन्छ -यस श्री बालमन्दिर प्रा.वि. मा जम्मा ६५ जना विद्यार्थी रहेकोमा ३८ जोर मात्र डेक्सवेञ्च रहेको देखिन्छ। डेक्सवेञ्चहरू थोरै जोर भएतापनि विद्यार्थीको सङ्ख्या कम रहेकाले विद्यार्थी बसाइमा सहजता नै देखियो। यस विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा डेक्सवेञ्च पर्याप्त भएकाले गर्दा कक्षाकोठा व्यवस्थापनको अवस्था हाललाई ठीकै देखिन्छ।

### ४.१.७ बसाई व्यवस्थापन

अनुसन्धान कर्ताबाट यस विद्यालयका विषय शिक्षकहरूको कक्षा अवलोकन गर्ने क्रममा दृष्टिविहीन विद्यार्थीहरूको बसाइको अवस्था निम्न अवस्था रहेको पाइयो। न्युन दृष्टि भएका विद्यार्थीहरूलाई पूर्ण दृष्टिविहीन भएका विद्यार्थीको छेउमा र उच्च क्षमताका विद्यार्थीहरूलाई न्युन क्षमताका विद्यार्थीहरूको छेउमा मिलाएर राखेको पाइयो। यसरी मिलाएर राख्दा न्युन दृष्टिका विद्यार्थीहरूले दृष्टिविहीन विद्यार्थीहरूलाई लेखन कार्यमा सहयोग गर्ने गरेको साथै उच्च क्षमताका विद्यार्थीहरूलाई परिचालन गरी कम समयमा धेरै विद्यार्थीहरूलाई सिकाउन सक्षम भएको पाइयो। ३,४ र ५ कक्षाकोठाहरू सफा र १ र २ कम सफा किसिमका बस्ने सिटहरूको व्यवस्था गरेको पाइयो। यस विद्यालयमा दृष्टिविहीन विद्यार्थीहरूलाई अग्र पङ्तिमा राखेको र एक जना दृष्टिविहीन

विद्यार्थीलाई अन्य सहयोगी खालका सामान्य विद्यार्थीहरूको माभमा राखेको पाइयो । जसले गर्दा उनीहरूले वोर्डमा लेखिएका कुरा सार्नमा दृष्टिविहीन  विद्यार्थीहरूलाई सहयोग गर्न  सकुन । दृष्टिविहीन  विद्यार्थीहरूको व्यक्तिगत अन्तरभाव वुभि सोही अनुरूप शिक्षण गर्नुपर्ने हुन्छ । तर यहाँ विद्यार्थीहरूको व्यक्तिगत शिक्षणमा जोड दिइएको पाइएन ।

### ४.१.८ शिक्षण विधि र शैक्षिक सामग्री

यस विद्यालयमा अवलोकनको क्रममा विभिन्न विषय शिक्षकहरूसँग प्रतिकृया लिँदा वहाँहरूले दृष्टिविहीन  विद्यार्थीहरूकै लागि भनेर कुनै विशेष किसिमको शिक्षण विधिको प्रयोग नगरेको तर उदाहरण दिएर साथै व्यवहारिक कुराहरू सँग जोडेर उनीहरूलाई सकेसम्म बुभाउन प्रयत्न गरेको बताउनु भयो । आफूले विस्तारै वाचन गर्दै लेख्ने र उनीहरूले सुनेर  वा अन्य साथीहरूको सहयोगमा ब्रेललिपिको प्रयोग गरी अभ्यास पुस्तिकामा उतार्ने गरिएको बताउनु भयो । त्यस्तै शैक्षिक सामग्रीको प्रयोग सम्बन्धमा प्रश्न गर्दा वहाँहरूले अन्य विद्यार्थीहरूलाई शिक्षण गर्दा प्रयोग गरिने सामग्रीहरूको नै प्रयोग गरिएको तर दृष्टिविहीनहरूकालागि छुट्टै किसिमका सामग्रीहरू नभएकाले प्रयोग गर्न नसकिएको बताउनु भयो ।

दृष्टिविहीन  विद्यार्थीहरूका लागि अन्तराष्ट्रिय स्तरमा थुप्रै किसिमका शैक्षिक सामाग्रीहरू उपलब्ध भएतापनि हाम्रो जस्तो देशमा  दृष्टिविहीनहरूका लागि ती सामग्रीहरू उपलब्ध नभएकाले प्रयोग गर्न नसकिएको यस विद्यालयका प्र.अ. ले बताउनु भयो ।

### ४.१.९ पुस्तकालय र  पाठ्यपुस्तकको उपलब्धता

पाठ्यपुस्तक शिक्षण सिकाइ कृयाकलापको महत्वपूर्ण साधन हो । दृष्टिविहीन बालबालिकाहरूका शिक्षणका लागि सामान्य विद्यार्थीहरूले उपयोग गर्ने पाठ्यपुस्तक, कापी, पेन्सिलको सट्टा ब्रेल पुस्तकहरू, स्लाइड बोर्ड, स्टाइलस जस्ता सामग्रीहरू प्रयोग हुने भएकाले अनुसन्धानकर्ता स्वयं यस बालमन्दिर प्रा वि इलाममा गई दृष्टिविहीन  विद्यार्थीहरूले अध्ययन गर्ने ब्रेललिपिमा लेखिएका पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्रीमा पहुँच कस्तो छ भन्ने सन्दर्भमा अभिभावकका अनुसार

> दृष्टिविहीन विद्यार्थीका पाठ्यपुस्तकहरू ब्रेललीपि, स्टाइलस, स्लाइड बोर्ड धेरै महङ्गा रहेको छन् । छोरोछोरीले पाठ्यपुस्तक सामग्री खरिद गरिनु भनेकाले पाठ्यसामग्री खरिद गर्न जाँदा सर्वसुलभ रूपमा पाइएन, पाइएको शैक्षिक सामग्री

खरिद गर्न आर्थिक समस्या रहेको छ र विद्यालयबाट पनि शैक्षिक सामग्रीहरू उपलब्ध गराइदैन रहेछ ।

त्यसैगरी प्र.अ.का अनुसार

सरकारले त्यसका लागि बजेटको व्यवस्था नगर्नु र दाताहरूको पनि अभाव हुनु जस्ता कारणहरूले विद्यालयमा उक्त पुस्तकहरू उल्लेख्य रूपमा उपलब्ध गराउन सकिएको छैन । विद्यालयमा अध्ययन गर्ने दृष्टिविहीन विद्यार्थीहरूका लागि तीनवटा ब्रेल पुस्तकहरू लगायत लेखन सामाग्री उपलब्ध गराएको छ र पर्याप्त मात्रामा उपलब्ध गराएको छैन । ब्रेल पुस्तक उपलब्ध गराए पनि ब्रेल पुस्तक पूर्णरूपमा चलाउन सक्षम शिक्षकहरू हुनहुन्न । सरकारी तबरबार तालिमको व्यवस्था भएको छैन ।

### ४.१.१० आवासको अवस्था

यस श्री बालमन्दिर प्राथमिक विद्यालय इनपामा अध्ययन गर्ने दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापन अन्तर्गत उनीहरूको आवासको अवस्था अध्ययन गर्ने काम भयो । दृष्टिविहीन छात्र विद्यार्थीहरू र छात्रा विद्यार्थीहरूको आवासका लागि छुट्टा छुट्टै दुईवटा कोठाहरू भएको पाइयो । दुईवटै कोठाहरूमा ३।३ वटा पलङ र टेवल , १।१ वटा खाट , आराम चेयर र आल्मारी, २।२ वटा दराज र टिनका बाकस रहेको पाइयो । उनीहरूलाई सुत्नका लागि डसना , सिरक, ब्ल्याङ्केट , डसना म्फुल, सिरानी जस्ता अत्यावस्यक सामानहरू विद्यालयमा उपलब्ध भएको पाइयो । दृष्टिविहीनहरूको खाना, नास्ता, नुहाइधुवाइ , कपडाको सरसफाइ र अन्य आवस्यक सहयोगका लागि एक जना आयाको ब्यवस्था भएको पाइयो । यति हुँदा हुँदैपनि बस्ने कोठामा उपयुक्त प्रकास नभएको कारण केही अँध्यारो र कोठाभित्रका सबै सामानहरू प्रष्ट रूपमा देख्न नसकिने हुँदा दृष्टिविहीनहरूको आवासको पक्षमा प्राविधिक रूपमा सुधार गर्नुपर्ने अवस्था रहेको पाइयो ।

## ४.२ दृष्टिविहीन विद्यार्थीहरू तथा शिक्षकले पठनपाठनमा भोगेका समस्याहरू

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख स्थान भनेको कक्षाकोठा नै हो । कक्षाकोठा व्यवस्थापनको अवस्था राम्रो एवं मजवुद नभएमा त्यसले शिक्षण सिकाइ क्रियाकलापमा अवरोध ल्याउँछ । त्यसकारणले गर्दा हरेक विद्यालयहरूले कक्षाकोठा व्यवस्थापनका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरूको सही व्यवस्थापन गर्नुपर्दछ । यसका लागि विद्यालयहरूले कक्षाकोठा

व्यवस्थापनमा देखिएका समस्याहरू पहिचान गरी समाधानका उपायहरूको खोजि गर्नु पर्दछ। यसै क्रममा कक्षाकोठासँग सम्बन्ध राख्ने वा सरोकार राख्ने अलग-अलग व्यक्तिहरूसँग समस्याको बारेमा बुझ्ने प्रयास गरी अध्ययनलाई पूरा गरिएको छ। यसै क्रममा विद्यालयको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या र समाधानका वारेमा अध्ययनका लागि नमूनामा परेको श्री बालमन्दिर प्रा.वि.का न्यून दृष्टिविहीन शिक्षक यसो भन्नुहुन्छः

> यस विद्यालयमा कक्षा व्यवस्थापन पक्षलाई हेर्न हो भने फर्निचर, झ्याल,ढोकाका कुराहरू सन्तोषजनकै भए पनि कक्षा ३ मा प्रकाशको व्यवस्था राम्रो हुन सकेको छैन। जसले गर्दा अध्यापन गराउन समस्या रहेको देखिन्छ र कक्षा १ र २ मा विद्यार्थीहरू स-साना हुने भएकोले गर्दा उक्त कक्षा कम सफाइ हुने गरेको र सवै शिक्षकहरू आ-आफ्नो कार्यमा व्यस्त रहने हुँदा विद्यालयका सम्पूर्ण कक्षाहरूको नियमित सफाइमा ध्यान दिन विद्यालयले सकि रहेको छैन।

शिक्षकको भनाइका आधारमा विद्यालयको फर्निचर, झ्याल, ढोकाका अवस्था राम्रो भएतापनि कक्षा ३ मा प्रर्याप्त प्रकाश नहुनु र कक्षा १ र २ मा विद्यार्थी स-साना भएकोले गर्दा सफाइ गरेता पनि फेरी फोहोर बनाउने गर्दछन्। विद्यालयमा परिचरको व्यवस्था नगरिएकोले विद्यालयबाट यसको व्यवस्थापन हुन नसकेको कुरालाई समस्याको रूपमा बताउनु भएको छ।

दृष्टिविहीन बालबालिकाहरूको कक्षाकोठा व्यवस्थापनमा देखिने पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरूको समस्याका वारेमा दृष्टिविहीन बालबालिकाहरूको एक जना अभिभावक यसरी भन्नुहुन्छ :

> मरो छोरा यस विद्यालयमा कक्षा १ मा अध्ययनरत छ। ऊ जन्मजात नै आँखा कम देख्छ। उसलाई पढाउने हाम्रो सपना छ। उसलाई अध्यापन गराउनका लागि हामीले पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरू किन्न खोज्यौं तर ती पाठ्यपुस्तकहरू कम पाइने तथा महङ्गो खालका रहेछन्। विद्यालयबाट उपलब्ध पनि गराइदैन रहेछ। बाहिर गएर किन्न त हुन्थ्यो तर सर्वशुलभ तरिकाले पाइदैन रहेछ। यस्तो समस्या हामीहरू जस्तै अन्य दृष्टिविहीन बालबालिकाको अभिभावकहरूलाई परेको छ।

अभिभावकको भनाइअनुसार विद्यालयबाट दृष्टिविहीन विद्यार्थीको लागि शैक्षिक सामग्री उपलब्ध नगराईने, किन्न खोज्दा महङ्गा भए पनि सर्वशुलभ तरिकाबाट प्राप्त नहुने समस्या बताउनु भयो।

यसै क्रममा श्री बालमन्दिर प्रा.वि.मा कक्षा ५ मा अध्यायनरत दृष्टिविहीन विद्यार्थी आफूले भोग्नु परेको समस्या यसरी भन्दछिन् :

> विद्यालयमा भन्दा पनि हामी बस्ने ठाउँमा बस्ने आवासको कोठामा पर्याप्त प्रकास नभएको कारण केही अँध्यारो र कोठाभित्रका सबै सामानहरू प्रष्ट रूपमा देख्न नसकिने, दैनिक क्रियाकलाप गर्न गाह्रो हुन्छ, अध्ययन अध्यापन गर्नको लागि विद्यालयबाट पनि शैक्षिक सामग्री भन्ने वितिकै पाइदैन, पालो पर्खन पर्छ जसले गर्दा अध्ययन गर्न समस्या छ ।

विद्यार्थीको भनाइ अनुसार विद्यालयमा दृष्टिविहीन विद्यार्थीको लागि फर्निचर र प्रकाशको व्यवस्था भए पनि उनीहरूको आवासमा पर्याप्त प्रकाश नहुनाले अध्ययन लगायत दैनिक क्रियाकलाप गर्न समस्या रहेको, शैक्षिक सामग्री नभएकोले अध्ययन गर्न समस्या भएको बताएकी छिन् ।

यसैक्रममा शिक्षक, अभिभावक र विद्यार्थीको भनाईहरू प्र.अ.समक्ष प्रस्तुत गरी प्र.अ.लाई सोध्दा श्री बालमन्दिर प्रा.वि.का प्र.अ. दृष्टिविहीन विद्यार्थीको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या यसरी बताउनुहुन्छ :

> हाम्रो क्षेत्रका विद्यालयमा दृष्टिविहीन विद्यार्थीका लागि आवश्यक पर्ने शैक्षिक सामग्री नभएकोले गर्दा दृष्टिविहीन विद्यार्थीहरूको लागि पनि एउटै शैक्षिक सामग्री प्रयोग गर्नु पर्ने कारणले गर्दा दृष्टिविहीन विद्यार्थीको अध्ययन अध्यापनमा समस्या देखिएको छ । यसका अतिरिक्त विद्यालयमा अन्य श्रोतहरू नभएकाले गर्दा शैक्षिक सामग्री उपलब्ध गराउन पनि सकिएको छैन । अहिले आएर सरकारीतवरबाट तीनवटा ब्रेल पुस्तक उपलब्ध गराएको छ तर त्यसको प्रयोगको लागि शिक्षकहरूलाई तालिमको व्यवस्था गराएको छैन । विद्यालयको कक्षा नियमित सफसफाइ गर्न परिचरको व्यवस्था नीजि स्तरबाट आर्थिक स्रोत कम भएकोले गर्दा सम्भव रहेको छैन र कक्षा ३ मा पर्याप्त प्रकाश नहुनुको कारण भवन पुरानो र अरू कक्षाहरूको बीचको कक्षाकोठा भएकोले गर्दा प्रकाशको राम्रो व्यवस्था भएको छैन । पारदर्शी जस्तापाता लगाउन, विजुली जडान गर्न, सौर्य विद्युत जडान गर्न विद्यालयको आर्थिक स्रोत कम भएकोले गर्दा ती कार्य गर्न समस्या रहेको छ ।

प्र.अ.को भनाइका आधारमा विद्यालयमा सरकारबाट उपलब्ध गराउने शैक्षिक सामग्री समयमा उपलब्ध नगराएको र विद्यालयले पनि अन्य आम्दानीको स्रोत नभएको कारणले दृष्टिविहीन विद्यार्थीको लागि छुट्टै शैक्षिक सामग्री खरिद गर्न सकेको छैन । श्री बालमन्दिर प्रा.वि. मा

दृष्टिविहीन विद्यार्थीहरूको लागि फर्निचरका सामग्रीहरू सहजजनक भएपनि शैक्षिक सामग्रीको भने अभाव नै रहेको पाइयो ।

## ४.३ दृष्टिविहीन विद्यार्थीहरूले भोगेका समस्याको निराकरणका उपायहरू

दृष्टिविहीन विद्यार्थीहरूलाई सिकाइका क्रममा समस्याहरू आउने गर्दछन् । ती समस्याहरूलाई निराकरण गर्नका लागि निम्न उपायहरू अपनाएको पाइयो ।

१. विद्यालयमा सरकारी निकायबाट उपलब्ध गराउने शैक्षिक सामग्री, पाठ्यपुस्तक, आर्थिक लगानी र सकारकारी स्तरबाट उपलब्ध गराउने सेवा सुविधा समयमा विद्यालयमा उपलब्ध गराए विद्यालय तथा विद्यालयमा अध्ययन अध्यापन गराउने शिक्षक, विद्यार्थीहरूलाई अध्ययन अध्यापन गर्न सहज हुने थियो र विद्यालयले पनि आफ्नो निजी स्तरको आय स्रोत वृद्धि गर्नु पर्ने देखिन्छ । जसले गर्दा अध्ययन अध्यापनमा सहज हुने देखिन्छ । सरकारी नियकाय र विद्यालयबाट आ-आफ्नो कार्य समयमा नै गरे अध्ययन अध्यापन अझ सहज हुने देखिन्छ । जसले गर्दा विद्यालयमा पर्याप्त शैक्षिक सामग्री, पाठ्यपुस्तक र विद्यालयको आर्थिक स्रोतमा पनि वृद्धि हुने देखिन्छ ।

२. विद्यालयमा भावि दिनका लागि र वर्तमान समयका लागि दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन गर्नका लागि पर्याप्त प्रकाश भएको कक्षाकोठाको व्यवस्थापन गर्नु पर्ने देखिन्छ । यस विद्यालयमा कक्षा ३ मा प्रकाश पर्याप्त नभएकोले गर्दा अध्ययन अध्यापन गराउन समस्या भएकोले उक्त कक्षाकोठामा पर्याप्त प्रकाश आवत जावत गर्ने खालको बनाउनु पर्ने देखिन्छ । वर्तमान पर्याप्त प्रकाश आवत जावत गर्ने खालको बनाउन नसक्ने अवस्था भए विजली बत्ति जडान गरी पर्याप्त प्रकाशको व्यवस्था मिलाउनु पर्ने देखिन्छ । जसले गर्दा विद्यालयमा अपर्याप्त प्रकाशको समस्या समाधान हुने थियो ।

३. विद्यालयले दृष्टिविहीन विद्यार्थीहरूको लागि शैक्षिक सामग्री, पाठ्यपुस्तक उपलब्ध नगराउँदा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्यायन अध्यापन गर्न समस्या रहेको र अभिभावकहरूले खरिद गर्न खोज्दा पनि सर्वशुलभ तरिकाबाट प्राप्त नहुने प्राप्त भए पनि महङ्गो हुने भएकोले गर्दा विद्यालयले दृष्टिविहीन विद्यार्थीहरूको लागि शैक्षिक सामग्री

उपलब्ध गराउनु पर्ने देखिन्छ । जसले गर्दा दृष्टिविहीन विद्यार्थीहरूको अध्ययन अध्यापनमा सहज हुने थियो ।

४. विद्यार्थीहरूको सेवा सुविधाको लागि आवासको व्यवस्था गरिएको भए पनि दृष्टिविहीन विद्यार्थीहरूको पायक नभएको, पर्याप्त प्रकाशको व्यवस्था नभएकोले गर्दा अध्ययन अध्यापन र दैनिक गर्ने कार्य गर्न असहज भएकोले विद्यालयले विजुली बत्ति वा सौर्य वत्ति जडान गरी पर्याप्त प्रकाशको व्यवस्था गरे विद्यार्थीको अध्ययन अध्यापन र दैनिक कार्य गर्न सहज हुने देखिन्छ ।

६. बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि विद्यालय प्रशासन तथा विद्यालयको महत्वपूर्ण भूमिका हन्छ । विभिन्न प्रकृतिबाट आएका विद्यार्थीहरूका समस्याहरूको पहिचान गरेर समाधान खोजे मात्र शिक्षण सिकाई कार्य प्रभावकारी र उपलब्धिमूलक बन्दछ ।

७. जसरी एउटा डाक्डरले बिरामीका रोगहरू पत्ता लगाई उपचारका नयाँ नयाँ विधिहरूका साथ बिरामीको उपचार गर्दछ त्यस्तै गरेर एक कुशल शिक्षकले विभिन्न प्रकृतिका विद्यार्थीहरूका विविध समस्याहरूको पहिचान गरी समस्याको समाधानका लागि सदैव प्रयत्नशील रहन्छ । यस विद्यालयका शिक्षकहरूले पनि दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनलाई व्यवस्थित गर्न बालमैत्री कक्षा र दृष्टिविहीन मैत्री पठनपाठन बनाउनु पर्ने देखिन्छ ।

८. दृष्टिविहीन बालबालिकाहरूलाई अन्य बालबालिकाहरूसँग मिलाएर राख्ने, गृहकार्य र कक्षाकार्य गर्नका लागि पृष्ठपोषण प्रदान गर्ने, स्थानीय शैक्षिक सामग्रीहरूको निर्माण गरी शिक्षण गर्ने, हाँजिरीजवाफ, बादबिबाद, बाद्य बादन र गीत गायन जस्ता अतिरिक्त कृयाकलापमा सहयोग र हौसला प्रदान गर्ने गर्नु पर्दछ ।

९. अनुसन्धानको क्रममा दृष्टिविहीन विद्यार्थीहरूलाई अध्यापन गराईरहनु भएका शिक्षकहरूलाई ब्रेल पुस्तक सम्बन्धि विशेष तालिम नलिएको र ब्रेल लिपि सम्बन्धि ज्ञान वहाँहरूमा नभएकाले तालिम दिनु पर्ने छ ।

१०. ब्रेल लिपि सम्बन्धि ज्ञान नभएको शिक्षकले प्रभावकारी रूपमा दृष्टिविहीनहरूलाई अध्यापन गराउन सक्दैनन् किनभने ब्रेल लिपिका संकेतहरू लेख्न कति समय लाग्छ अथवा कति मेहनत गर्नुपर्छ भन्ने कुरा वहाँहरूलाई थाहा हुँदैन । दृष्टिविहीन हरूलाई शिक्षण गर्नका लागि हरेक शिक्षकलाई स्रोत शिक्षकको रूपमा दक्ष बनाउनु पर्दछ ।

११. विद्यमान पाठ्यक्रम अनुसार दृष्टिविहीन  विद्यार्थीहरूले अनिवार्य रूपमा अध्ययन गर्दै गरेका गणित, विज्ञान जस्ता विषयहरूलाई बोझको रूपमा लिएको पाइन्छ । जस्ले गर्दा त्यस्ता विषयहरूमा अन्तर्क्रिया नगर्ने, सक्रियरूपमा सहभागी नहुने गरेको पाइन्छ । यस्ता समस्याहरूलाई न्युनिकरण गर्न दृष्टिविहीन हरूमा कठिन विषयहरूप्रति सकारात्मक धारणाको विकास गराई उनिहरूको आत्मबल बढाउनु पर्ने देखिन्छ ।

१२. साथीभाइ र शिक्षकहरू संग पाठसंग सम्बन्धित भई छलफल गर्ने, सोधपुछ गर्ने वातावरणको सिर्जना गरिएको पाइएन । अन्य विद्यार्थीहरूलाई पनि दृष्टिविहीन हरूलाई सकेसम्म सहयोग गर्न र उनिहरूप्रति सद्भाव राख्न अभिमुखीकरण र अन्तरक्रियात्मक कार्यक्रमहरूको आयोजना गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति,निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

यस विद्यालयमा दृष्टिविहीनहरूको कक्षा व्यवस्थापनमा कक्षाकोठाका डेक्स बेन्च, झ्यालढोका र प्रकाशको व्यवस्था दृष्टिविहीन विद्यार्थीहरूको अनुकुल नै भएको पाइयो । दृष्टिविहीन विद्यार्थीहरूका लागि ब्रेललिपिका पुस्तक , स्टाइलस नभइनहुने कुराहरू हुन् सबै किसिमका विद्यार्थीहरूका लागि एकै किसिमका शिक्षणविधिको प्रयोग भएको साथै आधुनिक र प्रविधियुक्त शैक्षिक सामग्रीको प्रयोग भएको छैन । स्रोत शिक्षकको अभाव भएको , शिक्षकहरूलाई पर्याप्त मात्रामा विशेष तालिमको व्यवस्था नभएको साथै सबै शिक्षकहरूमा ब्रेललिपिको ज्ञान भएको छैन । दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनलाई हेर्दा इलाम नगरपालिकाको मध्य भागमा रहेको यस श्री बालमन्दिर प्रा.वि. इलाममा कक्षा १ देखि कक्षा ५ सम्मका जम्मा ६५ विद्यार्थीहरू मध्ये ६ जना दृष्टिविहीन विद्यार्थीहरू पाइयो । जसमा ३ जना छात्रा र ३ जना छात्रहरू रहेका छन्, त्यस मध्येमा २ जना छात्रा र २ छात्र पूर्ण दृष्टिविहीन छन् भने १ जना छात्रा र १ छात्र न्युन दृष्टिविहीन विद्यार्थीहरू रहेको पाइयो । नमूना छनौटमा परेका विद्यालयहरूको कक्षाकोठाको क्षेत्रफल अध्ययन गर्दा बालमन्दिर प्रा.वि. का प्राथमिक तहका कक्षाकोठाहरूको लम्बाइ र चौडाइ क्रमशः २२×१८ र ३९६ वर्गफिट रहेको छ । विद्यार्थी संख्याको अनुपातमा यी कक्षाकोठाहरू केही ठूला रहेकाले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा केही समस्या देखिएको छैन । जसले गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज नै देखिएको छ । अध्ययनको क्रममा श्री बालमन्दिर प्रा.वि. का कक्षा सञ्चालन भएका ५ वटा कक्षामध्ये कक्षा ३ मा प्रकाशको अवस्था राम्रो देखिएको छैन । त्यसैगरी श्री बालमन्दिर प्रा.वि. मा झ्यालको संख्या १८ र ढोका संख्या ९ छन् । विद्यार्थी संख्याको अनुपातमा र कक्षाकोठाको आकार अनुसार कक्ष ३ मा झ्यालको र ढोकाको संख्या थप गर्नुपर्ने देखिन्छ । सरसफाइको अवस्था हेर्दा बालमन्दिर प्रा.वि. प्रयोग हुने कक्षाकोठा मध्ये कक्षा १ र २ का कोठाहरू सफाइ नभएका छन् र कक्षा ३, ४ र ५ का कोठाहरू सफा भएको पाइयो र बालमन्दिर प्रा.वि. मा ६५ जना विद्यार्थी रहेकोमा ३८ जोर मात्र डेक्सवेञ्च रहेको देखिन्छ ।

विद्यालयमा सरकारबाट उपलब्ध गराउने शैक्षिक सामग्री समयमा उपलब्ध नगराएको र विद्यालयले पनि अन्य आम्दानीको स्रोत नभएको कारणले दृष्टिविहीन विद्यार्थीको लागि छुट्टै शैक्षिक सामग्री खरिद गर्न सकेको छैन । श्री बालमन्दिर प्रा.वि. मा दृष्टिविहीन विद्यार्थीहरूको लागि फर्निचरका सामग्रीहरू सहजजनक भएपनि शैक्षिक सामग्रीको भने अभाव नै रहेको छ ।

विद्यालयको फर्निचर, झ्याल, ढोकाका अवस्था राम्रो भएक पनि कक्षा ३ मा प्रर्याप्त प्रकाश नहुनु र कक्षा १ र २ मा विद्यार्थी स-साना भएकोले गर्दा सफाइ गरेता पनि फेरी फोहोर बनाउने गर्दछन् । विद्यालयबाट यसको व्यवस्थापन हुन नसकेको कुरालाई समस्याको रूपमा रहेको छ । विद्यालयबाट दृष्टि विहन विद्यार्थीको लागि शैक्षिक सामग्री नगराईने, किन्न खोज्दा महङ्गा भए पनि सर्वशुलभ तरिकाबाट प्राप्त नहुने समस्या भएको रहेको छ । विद्यालयबाट दृष्टि विहन विद्यार्थीको लागि फर्निचर र प्रकाशको व्यवस्था भए पनि उनिहरूको आवासमा पर्याप्त प्रकाश नहुने जसले गर्दा अध्ययन लगायत दैनिक क्रियाकलप गर्न समस्या रहेको, शैक्षिक सामग्री नभएकोले अध्यायन गर्न समस्या भएको रहेको छ ।

विद्यालयमा सरकारी निकायबाट उपलब्ध गराउने शैक्षिक सामग्री, पाठ्यपुस्तक, आर्थिक लगानी र सकारकारी स्तरबाट उपलब्ध गराउने सेवा सुविधा समयमा विद्यालयमा उपलब्ध गराए विद्यालय तथा विद्यालयमा अध्ययन अध्यापन गराउने शिक्षक, विद्यार्थीहरूलाई अध्ययन अध्यापन गर्न सहज हुने थियो र विद्यालयले पनि आफ्नो निजी स्तरको आय स्रोत वृद्धि गर्नु पर्ने देखिन्छ । जसले गर्दा अध्ययन अध्यापनमा सहज हुने देखिन्छ । विद्यालयमा भावि दिनका लागि र वर्तमान समयका लागि दृष्टिविहीन  विद्यार्थीको कक्षाव्यवस्थापन गर्नको लागि पर्याप्त प्रकार भएको कक्षाकोठाको व्यवस्थापन गर्नु पर्ने   देखिन्छ । यस विद्यालयमा कक्षा ३ मा प्रकाश पर्याप्त नभएकोले गर्दा अध्ययन अध्यापन गराउन समस्या भएकोले उक्त कक्षाकोठामा पर्याप्त प्रकाश आवत जावत गर्ने खालको बनाउनु पर्ने देखिन्छ । विद्यालयले दृष्टिविहीन  विद्यार्थीहरूको लागि शैक्षिक सामग्री, पाठ्यपुस्तक उपलब्ध नगराउँदा विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई अध्यायन अध्यापन गर्न समस्या रहेको र अभिभावकहरूले खरिद गर्न खोज्दा पनि सर्वशुलभ तरिकाबाट प्राप्त नहुने प्राप्त भए पनि महङ्गो हुने भएकोले गर्दा विद्यालयले दृष्टिविहीन  विद्यार्थीहरूको लागि शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने देखिन्छ । विद्यार्थीहरूको सेवा सुविधाको लागि आवासको व्यवस्था गरिएको भए पनि दृष्टि विहीन  विद्यार्थीहरूको पायक नभएको, पर्याप्त प्रकाशको व्यवस्था नभएकोले गर्दा अध्ययन अध्यापन र दैनिक गर्ने कार्य गर्न असहज भएकोले विद्यालयले विजुली बत्ति वा सौर्य वत्ति जडान गरी पर्याप्त प्रकाशको व्यवस्था गरे विद्यार्थीको अध्ययन अध्यापन र दैनिक कार्य गर्न सहज हुने देखिन्छ ।

## ५.२ निष्कर्ष

यो अनुसन्धान विशेषत दृष्टिविहीन विद्यार्थीहरू र उनीहरूको कक्षा व्यवस्थापनमा केन्द्रित रहेको छ। सबैका लागि शिक्षाको उद्देश्यलाई पूरा गर्न समाहित शिक्षाको व्यवस्था गर्नु उत्तम देखिए पनि त्यसलाई पूर्ण रूपमा व्यवस्थित बनाउन नसक्नु र त्यसका लागि अत्यावश्यक जनशक्ति लगायतका पूर्वाधारहरूको विकास गर्न नसक्नु सरकारको कमजोरी रहेको यस अध्ययनको ठहर छ। दृष्टिविहीन विद्यार्थीहरूलाई अनुकुल हुने विषयवस्तु पाठ्यक्रमले व्यवस्था गर्न नसक्नुले विद्यार्थीहरू त्यसतर्फ उत्प्रेरित भई शिक्षण सिकाइमा सकृय सहभागी नभएको , विशेष तालिम प्राप्त शिक्षकको अभाव भएको ,ब्रेललिपिका पाठ्यपुस्तक पर्याप्त मात्रामा उपलब्ध नभएको, आधुनिक शिक्षण प्रविधि र शैक्षिक सामाग्रीहरूको प्रयोग नभएको ,अन्य अवस्थाका विद्यार्थीहरू सँग दाँजेर शिक्षण गरिएको , दृष्टिविहीन विद्यार्थीहरूको भावना र मनोविज्ञान नबुझी जबरजस्ती कक्षामा राखी शिक्षा थोपर्ने कार्य भएको हुँदा दृष्टिविहीन विद्यार्थीहरूको कक्षा व्यवस्थापनमा धेरै समस्या रहेको यस अध्ययनको ठहर छ।

नेपालमा हाल लागू भइरहेको पाठ्यक्रम परिमार्जन गरी व्यवहारिक र जीवनोपयोगी विषयवस्तुहरू मात्र समावेश भएको छुट्टै पाठ्यक्रम र पाठ्यपुस्तक दृष्टिविहीन विद्यार्थीहरूका लागि निर्माण गरी दक्ष र व्यवसायिक जनशक्ति उत्पादनमा जोड दिनुपर्ने, परीक्षा प्रणालीलाई दृष्टिविहीन मैत्री बनाउने, पर्याप्त शिक्षक तालिमको व्यवस्था गरी विशेष तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नुपर्ने , विद्यार्थीहरूमा उत्प्रेरणा र हौसला प्रदान गरी सिकाइमा उनीहरूलाई सकृय सहभागी गराउनुपर्ने , विद्यालयमा दृष्टिविहीन विद्यार्थीहरूका लागि अत्यावश्यक भौतिक पूर्वाधारहरूको विकास गर्ने जस्ता कुराहरू गर्न सकिएको खण्डमा दृष्टिविहीन विद्यार्थीहरूको सिकाइ र कक्षा व्यवस्थापनमा देखिएका समस्याहरूलाई न्युनीकरण गर्न सकिने निष्कर्ष यस अध्ययनको रहेको छ।

## ५.३ सुझावहरू

शिक्षा वालकको नैर्सिगक अधिकार हो त्यसैले उनीहरूको शारीरिक, मानसिक सामजिक संवेगात्मक विकासका लागि गुणस्तरीय शिक्षाको आवश्यक पर्दछ। वालवालिकाहरू काँचो माटो भएकोले तिनीहरूलाई सम्वद्ध पक्षले जस्तो वनाउन चायो त्यस्तै वन्दछन्। उनीहरू भविष्यका राष्ट्रका कर्णधार भएकाले गुणस्तरीय शिक्षा प्रदान गर्नु सान्दर्भिक हुन्छ। यो अध्ययनवाट

प्राप्तिगरिएका विषयवस्तुका आधारमा निष्कर्ष निकाली विभिन्न तहमा सुझावहरू प्रस्ताव गरिएको छ । जसवाट सरोकारवाला पक्षहरू लाभान्वित भै आगामी दिनहरूमा यस तर्फ चनाखो बन्नेमा विश्वास गरीएको छ । अतः अध्ययनको कममा निम्नासारको सुझावहरू पेस गरिएको छ :

### ५.३.१ नीतिगत तह

अध्ययनको क्रममा केही समस्याहरू नीतिगतमा पनि भएको देखिन्छ यो समस्यालाई समाधान गर्न दृष्टिविहीन  विद्यार्थीहरूको कक्षा व्यवस्थापनमा देखिएका समस्याहरूलाई समाधान गरी उनीहरूको अध्ययन प्रकृयालाई सरल, सहज र सर्वसुलभ बनाउनका लागि सम्बन्धित सम्पूर्ण सरोकारवाला पक्षहरूलाई सुझावहरू प्रस्तुत गरिएको छ । वर्तमान अवस्थामा लागू भइरहेको पाठ्यक्रमलाई दृष्टिविहीनहरूका लागि सहज र सरल बनाउन वर्तमान पाठ्यपुस्तकमा परिमार्जन गर्नुपर्ने, दृष्टिविहीन  विद्यार्थीहरूको कक्षा व्यवस्थापनसँग सम्बन्धित सबै भौतिक वस्तुहरू उनीहरूको योग्यता, क्षमता र रूचि अनुसारको बनाई नीति निर्माण गरिनुपर्ने छ ।

### ५.३.२ अभ्यास तह

दृष्टिविहीन  विद्यार्थीको लागि विद्यालयमा भौतिक व्यवस्थालाई सुव्यवस्थित बनाई कक्षालाई बालमैत्री बनाउनु आवश्यक रहेको देखिन्छ । शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग गरी बालकेन्द्रित शिक्षण गर्नु पर्ने देखिन्छ । बालबालिकाहरूलाई नियमित बनाउन शिक्षक, अभिभावक  र विद्यार्थीहरू बसी योजना बनाउनु आवश्यक देखिन्छ । दृष्टिविहीन  मैत्री कक्षा व्यवस्थापन,वातावरण र पठन पाठन गरिनुपर्ने, समग्र विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरिनुपर्ने, व्यवसायिक विषयहरूलाई बढी प्राथमिकता दिनुपर्ने, विभिन्न विषयहरू अध्यापन गर्ने शिक्षकहरूलाई स्रोत शिक्षकको रूपमा तालिम प्राप्त बनाउनुपर्ने, अत्याधुनिक शिक्षण प्रविधिहरू र शैक्षिक सामाग्रीहरूको प्रयोग गरी शिक्षण गर्नुपर्ने, एकीकृत शिक्षाका लागि आवश्यक पूर्वाधारहरूको विकासमा ध्यान दिनुपर्ने, अन्य विद्यार्थीहरूलाई दृष्टिविहीन  विद्यार्थीहरूप्रति सहयोग र सदभाव राख्न अन्तरकिया र अभिमुखीकरण कार्यक्रमहरूको आयोजना गर्ने, विद्यालय प्रशासन तथा शिक्षक शिक्षकहरूले दृष्टिविहीन  विद्यार्थीहरू र उनीहरूका कृयाकलापहरूलाई समस्याको रूपमा नलिई उनीहरूमा जिज्ञासु भावनाको उजागर गर्नुपर्ने, शिक्षक, अभिभावक ,वि. व्य. स. ले दृष्टिविहीन  विद्यार्थीहरूको शिक्षाका लागि नियमित

लाग्नुपर्ने, दृष्टिविहीनहरूको शिक्षामा सरकारले लगानी गर्नुपर्ने योजना बनाई कार्यान्वयन गर्नु देखिन्छ ।

### ५.३.३ अनुसन्धान तह

यस अनुसन्धानको अध्ययन अरू पक्षहरूबाट गर्नु पर्ने देखिन्छ । यस समस्यासँग सम्बन्धित रहेका अरू विषयवस्तुहरू पनि हुन्छन् जसमा केही विषयवस्तुहरूमा अनुसन्धान पनि भएको हुन सक्छ । यस अध्ययनमा प्राप्त भएका समस्या तथा विषयवस्तुका आधारमा दृष्टिविहीन विद्यार्थीहरूको लागि कक्षाकोठा व्यवस्थापन र आर्थिक व्यवस्थापन, शिक्षण क्रियाकलप व्यवस्थापनको अध्ययन विषय नयाँ शोधकर्ताका लागि अनुसन्धानको आवश्यक विषयवस्तु बन्न सक्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ

अधिकारी, विष्णुप्रसाद (२०६९), *प्राथमिक दिग्दर्शन,* काठमाडौः आशिष बुक्स हाउस प्रा.लि.।

अधिकारी, नीरा (२०६४), *दृष्टिविहीनहरूको ससक्तिकरणका लागि अवसर र चुनौती:* सरोकार त्रैमासिक पत्रिका, वर्ष ५(१५), २०-२२ ।

आचार्य, कुमार (२०६८), *समाहित शिक्षामा दलित विद्यार्थीको सहभागिता,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम ।

ओझा, खेमराज (२०६९), *सुस्तमनस्थिति वालवालिकाको शिक्षाको आवासीय व्यावस्थापन,* अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि., काठमाडौं ।

कार्की, तारा (२०३८), *दृष्टिविहीहरूका लागि शिक्षा,* काठमाडौंः निसहाय सेवा समन्वय समिति ।

काफ्ले, बासुदेव (२०६८), *शिक्षामा सामाजिक न्याय,* काठमाडौंः सनलाईट पब्लिकेशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रनाथ (२०६५), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

खवास, भीमबहादुर (२०६९), *दृष्टिविहीन विद्यार्थीहरूको गणित सिकाइको अवस्था,* अप्रकाशित शोधपत्र, स्नाकोत्तर तह, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

गौतम, मनकुमार(२०६८), *समाहित शिक्षा कार्यक्रमको प्रभावकारिता:* अप्रकाशित शोधपत्र, स्नातकोत्तर, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन,* काठमाडौंः लेखक ।

नेपाल सरकार (२०६०), *विशेष शिक्षा सञ्चालन निर्देशिका,* काठमाडौः लेखक ।

पौडेल, आनन्द (२०६३), *दृष्टिविहीनहरूको लागि समाहित शिक्षा,* शिक्षा जगतको पत्रिका, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

महर्जन, प्रेम (२०६८), *नेत्रहिनहरूको पुनस्थापना कार्यक्रम:* सरोकार त्रैमासिक, वर्ष ८ (३१),१०-११ ।

रेग्मी, मुरारीप्रसाद र श्रेष्ठ रीता (२०६३), *कक्षा कोठाहरूमा मनोविज्ञान, काठमाडौं,* न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

लिम्वु, नरेन्द्र (२०६७), *जंगबहादुर बोगटी र दृष्टिविहीनहरूको शिक्षा,* सरोकार त्रैमासिक, वर्ष ७ (२७), १६-१९ ।

शर्मा, गोपिनाथ (२०६१), *नेपालको शैक्षिक इतिहास,* काठमाडौंः लुम्बिनी पुस्तक भण्डार ।

शर्मा चिरञ्जिवी र शर्मा, निर्मला (२०६३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* ट काठमाडौँ: राज अप्सेड प्रेस ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६७), *शिक्षाका आधारहरु,* काठमाडौः एम.के. पब्लिशर्स एक डिष्ट्रिव्युटरर्स ।

सत्याल सुरेन्द्र(२०६१), *नेपालमा दष्टिविहीनहरू अवसरको खोजिमा,* सरोकार त्रैमासिक पत्रिका, वर्ष २(४), २०-२२ ।

ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. (२०६७), *शिक्षक मासिक पत्रिका, श्रावण,* पूर्वचण्डि मार्ग, जाउलाखेल, ललितपुरः लेखक ।

Mani, M.N.G.(1997). *Techniques of teaching blinds children.* New Delhi: Stering publisher Pvt.Ltd.

# दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन

## अनुसूची : एक

## भौतिक तथा शिक्षण सामग्रीको विवरण

| क.स. | विवरण | छ | छैन | सङ्ख्या | पर्याप्त | अपर्याप्त |
|---|---|---|---|---|---|---|
| १ | भवन | | | | | |
| २ | कक्षाकोठा | | | | | |
| ३ | खानेपानी धारा | | | | | |
| ४ | शौचालय | | | | | |
| ५ | कम्प्यूटर | | | | | |
| ६ | डेस्क बेन्च | | | | | |
| ७ | कुर्सी | | | | | |
| ८ | प्रयोगशाला | | | | | |
| ९ | कालोपाटी | | | | | |
| १० | शिक्षक निर्देशिका | | | | | |
| ११ | ब्रेल पुस्तक, स्टाइलस | | | | | |
| १२ | खेल सामग्री | | | | | |
| १३ | संगितका सामग्री | | | | | |
| १४ | दराज | | | | | |
| १५ | चमेना गृह | | | | | |
| १६ | कक्षाकोठामा प्रकाशको व्यवस्था | | | | | |
| १७ | फुलबारी | | | | | |
| १८ | ग्लोब | | | | | |
| १९ | टेलीफोन | | | | | |

# दृष्टिविहीन  विद्यार्थीको कक्षा व्यवस्थापन

## अनुसूची : दुई

### दृष्टिविहीन  र अन्य विद्यार्थीहरको कक्षागत विवरण

| कक्षा | जम्मा विद्यार्थी | पूर्ण दृष्टिविहीन | | आंशिक दृष्टिविहीन | | अन्य | |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |

# दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन

## अनुसूची : तीन

## विद्यार्थीका लागि सोधिने अन्तरवार्ताको प्रश्नावली

विद्यार्थीको नाम                                                          रोल नं

विद्यालयको नाम                                                           कक्षा

१ तिमीले यस विद्यालयमा पढेको कति भयो ?

...................................................................................................................

२ यस विद्यालयमा तिम्रा कस्ता कस्ता साथीहरू छन् ?

...................................................................................................................

३ तिमी कक्षाको कुन ठाउँमा बस्न रूचाउँछौ ?

...................................................................................................................

४ तिमीलाई सरले कक्षाको कुन ठाउँमा बस्न लगाउनुहुन्छ ?

...................................................................................................................

५ तिमीलाई यो विद्यालयमा पढ्न कस्ले भन्नुभयो ?

...................................................................................................................

६. तिमीलाई पढाउदा गुरूले शैक्षिक सामाग्रीको प्रयोग गर्नुहुन्छ कि गर्नुहुन्न ?

...................................................................................................................

७. के तिमी तिम्रा सवै साथीहरूसंग मिलेर खेल्छौ ?

...................................................................................................................

८. तिमीलाई शिक्षकले कक्षाकार्य र गृहकार्य दिनुहुन्छ कि दिनुहुन्न ?

...................................................................................................................

९ तिमी शिक्षकले दिनुभएको कक्षाकार्य र गृहकार्य गर्छौ कि गर्दैनौ ?

...................................................................................................................

१० तिमीहरूको कक्षाकार्य र गृहकार्य शिक्षकले हेर्नुहुन्छ कि हेर्नुहुन्न ?

..............................................................................................................

११. तिमी खेलकुदहरूमा कत्तिको भाग लिन्छौ ?

..............................................................................................................

१२ साथीहरूले तिमीलाई सँगै खेलाउँछन् कि खेलाउँदैनन् ?

..............................................................................................................

१३ तिमीलाई यस विद्यालयमा अध्ययन गर्न कसले सहयोग गरेको छ ?

..............................................................................................................

१४ तिमीलाई पढ्न मन लाग्छ कि लाग्दैन ?

..............................................................................................................

१४ शिक्षकले पढाएको कतिको बुझ्छौ ?

..............................................................................................................

१५ तिमीसँग ब्रेललिपिका पुस्तकहरू छन् कि छैनन् ?

..............................................................................................................

१४ शिक्षकले कक्षाकोठामा तिमीहरूसँग कस्तो व्यवहार गर्नुहुन्छ ?

..............................................................................................................

१५ तिम्रा साथीहरूले तिमीहरूप्रति कस्तो व्यवहार गर्दछन् ?

..............................................................................................................

१६ आफूले नबुझेका कुराहरू कसलाई सोध्छौ ?

..............................................................................................................

१७ पढाइ बाहेक अन्य अतिरिक्त कृयाकलापमा भाग लिने गरेको छ कि छैन ?

..............................................................................................................

१८ विद्यालयमा पढाइ बाहेक व्यावसायिक सीपहरू सिक्ने व्यवस्था छ कि छैन ?

..............................................................................................................

१९ तिमीलाई शौचालय जान आउन कठिन छ कि छैन ?

..............................................................................................................

२० शौचालयमा साबुन पानीको व्यवस्था छ कि छैन ?

..............................................................................................................

२१ विद्यालयमा तिमीहरूका लागि पिउनेपानीको व्यवस्था पनि छ ?

..........................................................................................................

२२ पानी त्यतिकै, फिल्टरको ,कि उमालेको पिउने गर्छौ ?

..........................................................................................................

२३ तिमीहरू कक्षाकोठा आफैं सफा गर्छौ कि कसले सफा गर्छ ?

..........................................................................................................

२५ तिमीहरूको व्यक्तिगत सरसफाइमा कसले सहयोग गर्ने गरेको छ ?

..........................................................................................................

२६. तिमीहरूलाई अध्ययन अध्यापन गराउँदा के कस्तो समस्या भोग्नु परेको छ ?

..........................................................................................................

# दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन

## अनुसूची :चार

### प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

प्रधानाध्यापकको नाम : ..........................................................................................

विद्यालयको नाम : ........................................... अनुभव वर्ष : .....................................

१ विद्यालयमा विशेष शिक्षालाई प्रभावकारी बनाउन के गर्नुपर्ला ?

.......................................................................................................................

२. दृष्टिविहीन विद्यार्थीहरूलाई दिईने शिक्षाबाट बालबालिकालाई भएका लाभहरू के के हुन् ?

.......................................................................................................................

३. दृष्टिविहीन बालबालिकाहरूलाई अध्यापन गर्दा शिक्षकहरूले कुन-कुन विधिहरू प्रयोग गरी शिक्षण गर्नुहुन्छ ?

.......................................................................................................................

४ दृष्टिविहीन बालबालिकाहरूको बसाइको व्यवस्था गर्न कक्षाकोठाको व्यवस्थापन कस्तो गरिएको छ ?

.......................................................................................................................

५ विद्यालयको व्यवस्थापकीय कार्य गर्न क-कस्ले सहयोग गर्छन् ?

.......................................................................................................................

६ दृष्टिविहीन विद्यार्थीका लागि प्रदान गरिने शिक्षा कार्यक्रम व्यवस्थापनका आर्थिक स्रोतहरू कहाँबाट जुटाउनहुन्छ ?

.......................................................................................................................

७ भौतिक साधन र स्रोतको अवस्था के कस्तो छ ?

.......................................................................................................................

८. दृष्टिविहीन हरूको शैक्षिक अवस्थाबारे जिशिकामा कुरा राख्नु हुन्छ कि हुन्न?

.......................................................................................................................

९ दृष्टिविहीन हरूको समावेशिता कत्तिको पाउनुभएको छ?

..........................................................................................................

१० तपाईको विद्यालयमा कुन कुन प्रकृतिका दृष्टिविहीनहरू छन् ?

..........................................................................................................

११. वालकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप कसरी संचालन गर्नुहुन्छ ?

..........................................................................................................

१२. विद्यार्थीको सहभागिता कस्तो रहन्छ ?

..........................................................................................................

१३. विद्यालयले जनचेतनामूलक कार्यक्रम कसरी संचालन गर्दछ ?

..........................................................................................................

१४. के कस्ता अतिरिक्त क्रियाकलापहरू गराउनुहुन्छ ?

..........................................................................................................

१५ शिक्षक शिक्षिकाहरूको कक्षा अवलोकन पनि गर्नुहुन्छ ?

..........................................................................................................

१६ कति शिक्षकहरूले विशेष शिक्षा सम्बन्धी तालिम लिनुभएको छ ?

..........................................................................................................

१७. तपाईको विद्यालयमा दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापनमा कस्तो समस्या छ ?

..........................................................................................................

# दृष्टिविहीन विद्यार्थीको कक्षा व्यवस्थापन

## अनुसूची : पाँच

## अभिभावकका लागि अर्न्तवार्ता प्रश्नावली

१. अपाङ्ग बालबालिका प्रति तपाइंले कसरी सोच्नु भएको छ ?

........................................................................................................

२ आफ्ना नानी दृष्टिविहीन भएकोमा तपाईंलाई कस्तो लाग्छ ?

........................................................................................................

३. तपाईंको नानी के कारणले दृष्टिविहीन भएको हो ?

........................................................................................................

४ के तपाईंको परिवारमा अन्य सदस्यहरू पनि दृष्टिविहीन हुनुहुन्छ ?

........................................................................................................

५ दृष्टिविहीन नानीले तपाईंलाई घरायसी काममा कस्तो सहयोग गर्न सक्छन् ?

........................................................................................................

६. दृष्टिविहीन बालबालिकालाई शिक्षा दिन किन आवश्यक ठान्नुहुन्छ ?

........................................................................................................

७ दृष्टिविहीन बालबालिकालाई राम्रो अवसर उपलब्ध गराउन के-के गर्नुपर्ला ?

........................................................................................................

८. के तपाईका नानीहरू विद्यालय जान खुसी हुन्छन् ?

........................................................................................................

९ आफ्नो बच्चालाई समाहित विद्यालयमा पढाउन को संग सल्लाह लिनुभयो ?

........................................................................................................

१०. विद्यालयमा भर्नाभएपश्चात बालबालिकाको घरायसी व्यवाहारमा कस्तो परिवर्तन पाउनुभयो ?

........................................................................................................

११. तपाईले आफ्नो छोराछोरीको लागि शैक्षिक सामग्री खरिद गरिदिने गर्नु भएको छ ?

........................................................................................................

## अनुसूची : ६

## शिक्षकका लागि अर्न्तवार्ता प्रश्नावली

शिक्षकको नाम ......................................... शैक्षिक योग्यता .......................................

अनुभव वर्ष .........................................................

१. दृष्टिविहीन हरूको कक्षा व्यवस्थापन कसरी गर्नुहन्छ ?

..........................................................................................................................

२. दृष्टिविहीन हरूलाई शिक्षणगर्ने कार्यमा प्र.अ. ले कत्तिको सहयोग गर्नुहन्छ ?

..........................................................................................................................

३. समाहित शिक्षा कार्यक्रमको अनुगमनको अवश्था कस्तो छ ?

..........................................................................................................................

४. दृष्टिविहीन हरूका लागि विद्यालयले उपलब्ध गराएका सामग्री पर्याप्त छ कि छैन ?

..........................................................................................................................

५. विद्यार्थीहरूलाई शिक्षण गर्दा शैक्षिक सामग्रीको प्रयोग कत्तिको गर्नुहन्छ ?

..........................................................................................................................

६. दृष्टिविहीन हरूलाई शिक्षण गर्दा श्रब्य सामग्रीको प्रयोग गर्नहुन्छ कि गर्नुहन्न ?

..........................................................................................................................

७ शैक्षिक सामग्री आफैले पनि निर्माण गर्नुहुन्छ कि विद्यालयले किन्दछ ?

..........................................................................................................................

८. दृष्टिविहीन विद्यार्थीहरूलाई कक्षामा एक्ला एक्लै राख्नहुन्छ कि अरू साथीसँगै ?

..........................................................................................................................

९. भौतिक साधन र स्रोतको अवस्था के कस्तो छ ?

..........................................................................................................................

१०. अन्य विद्यार्थीहरूले दृष्टिविहीन हरूलाई कस्तो ब्यवहार गर्दछन् ?

..........................................................................................................................

११ .वालकेन्द्रित शिक्षणसिकाइ क्रियाकलाप कसरी संचालन गर्नुहुन्छ ?

..............................................................................................................

१३ दृष्टिविहीन विद्यार्थीहरूलाई कक्षाकोठाको अघाडी पछाडी या बीच कुन स्थानमा राख्नुहुन्छ ?

..............................................................................................................

१४ दृष्टिविहीन बालबालिकाहरूका लागि खेल सामग्रीहरू छन् कि छैनन् ?.

..............................................................................................................

१५. के कस्ता अतिरिक्त क्रियाकलापहरू गराउनुहुन्छ ?

..............................................................................................................

१६ कक्षाकोठामा पूर्ण दृष्टिविहीन र आशिक दृष्टिविहीन विद्यार्थीहरू कति छन् ?

..............................................................................................................

१७. दृष्टिविहीन विद्यार्थीहरूले अन्य विद्यार्थीहरूलाई कस्तो ब्यवहार गर्दछन् ?

..............................................................................................................

१८. दृष्टिविहीन बालबालिकाहरूलाई शिक्षण गर्दा कुन कुन शिक्षण विधिको प्रयोग गर्नहुन्छ ?

..............................................................................................................

१९. तपाईले अध्यापन गराउने कक्षाकोठामा के कस्ता समस्या भेट्नु भएको छ ?

..............................................................................................................